छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ | •अंक १२५ | • २०८२ साल आश्विन ६ गते सोमबार (22 September, Monday, 2025) | •पृष्ठ ८ | •मूल्य रु. ५।-




जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com



हार्दिक शुभकामना
हिन्दुहरुको महान चाड बडा दशैंको घटस्थापनाको सुखद अवसरमा सम्पूर्ण श्रद्धालु भक्तजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
जनकपुर टुडे राष्ट्रिय दैनिक | रेडियो टुडे ९१ मेगाहर्ज | टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल
परिवार, जनकपुरधाम


## आज घटस्थापना



### माता शैलपुत्रीको पुजा

वन्दे वांछितलाभाय चन्द्रार्धकृतशेखराम्।
वृषारूढां शूलधरां शैलपुत्रीं यशस्विनीम्॥

दूर्गा पुजा कलश (घट) स्थापना शुभ मुहूर्त
२२ सेप्टमेबर २०२५, शुक्रबार
मिथिलामा बिहान ११:३२ मिनेटदेखि बेलुका १२:२० सम्म
मुहूर्तको अवधि : बिहान ४८ मिनट

### मन्त्रिपरिषद् विस्तार

# ५ जना मन्त्री थपिए, विज्ञयतालाई प्राथमिकता



**टुडे समाचारदाता**

काठमाण्डु। अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले आइतबार मन्त्रिपरिषद् विस्तार गरेकी छन्।

प्रधानमन्त्री कार्कीले विज्ञहरुलाई प्राथमिकता दिदै ५ जना मन्त्री थपेकी छन् । दोश्रो पटक विस्तार गरिएको समेत मन्त्रिपरिषद्मा ९ जना पुगेका छन् । पहिलो पटक प्रधानमन्त्रीले ३ जनालाई मन्त्री बनाएकी थिइन् ।

उनले ७ जना मन्त्री थपेर ११ सदस्यीय मन्त्रिपरिषद् बनाउने तयारी गरेकी थिइन् । तर अन्तिम समयमा ५ जनालाई मात्रा मन्त्री बनाइएको छ ।

राष्ट्रपति कार्यालय स्रोतले जनाए अनुसार पूर्व न्यायधीश अनिल कुमार सिन्हा, वैज्ञानिक महावीर पुन, संचारकर्मी जगदीश खडेल, स्वास्थ्यकर्मी संगीता मिश्र र मदन परियार मन्त्री नियुक्त भएका छन् । सिन्हालाई कानून, उद्योग वाणिज्य, भूमि सुधारलगायतको मन्त्रालयको जिम्मेवारी दिइएको छ । पुनलाई शिक्षा मन्त्रालय, मिश्रालाई स्वास्थ्य, खडेललाई सञ्चार तथा प्रविधि र परियारलाई कृषि मन्त्रालय दिइएको छ ।

पूर्व न्यायधीश सिन्हालाई कानून, स्वास्थ्यकर्मी मिश्रालाई स्वास्थ्य, सञ्चारकर्मी खडेललाई सञ्चार, वैज्ञानिक पुनलाई शिक्षा र परियारलाई कृषि मन्त्रालय दिइएको छ ।

मिश्रालाई विगतको सरकारले स्वास्थ्य सचिवमा बढुवा गरेको थिएन । उनी असन्तुष्ट भई ६ महिनादेखि विदामा थिइन । दोश्रोपटक विस्तारीत मन्त्रिपरिषद्मा समेत जेन-जी युवाहरुको प्रतिनिधित्व भएको छैन । रिक्त रहेको १३ मन्त्रालय मध्ये प्रधानमन्त्री कार्कीले २ जना मन्त्री मात्र अब नियुक्त गर्ने छिन् । यसअघि नै उनले ११ सदस्यीय मन्त्रिपरिषद् मात्र गठन गर्ने घोषणा गरेकी थिइन् । संघीय सरकारमा २२ सदस्यीय मन्त्रिपरिषद् गठनको प्रावधान छ ।

आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकबाट हितेन्द्रदेव शाक्यलाई सरुवा गरी मनोज सिलवाललाई नियुक्त गरेको छ । त्यसैगरि जेन- जीको आन्दोलन छानबिनका लागि पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा उच्चस्तरीय जाँचबुझ आयोग गठन गरिएको छ। आयोगको सदस्यमा पूर्वएआईजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वर प्रसाद भण्डारी रहेका छन् ।


## विद्यार्थी भर्ना सम्बन्धी सूचना



ADMISSION OPEN

CTEVT बाट सम्बन्धन प्राप्त यस कलेजमा Lab Technology (CMLT), Radiography र Opthalmic Science (आँखा) कार्यक्रमहरूमा शैक्षिक शत्र २०८२ को लागि केही सिट खाली रहेकोले देशै भरीबाट CTEVT Result को Pass List / Cut Off List मा रहेको विद्यार्थीहरुले अध्ययन गर्नको लागि सम्पर्क गर्न हुन जानकारी गराउँदछौं ।

नोट :- H.A. D.Pharmacy, MLT, Radiography र Opthamic Science (आँखा) पढन इच्छुक तर NG लागेको र फाराम भर्न छुटेका विद्यार्थीहरुले पनि सम्पर्क गर्नुहोला ।

विस्तृत जानकारीको लागि सम्पर्क :
वीरेन्द्र इन्स्टिच्यूट अफ मेडिकल एण्ड डे. टेक्नोलोजी
महेन्द्र इन्स्टिच्यूट अफ मेडिकल साईन्सेज
बाह्र बिगहा र थापा चौकको बिचमा, जनकपुरधाम–८
फोन नं. ९८५४०२५५०७, ९८०७६९२४६०, ०४१-५२१३६६, ९७०५४२१३६६






MAW BUILDING TRUST THROUGH SERVICE

जनकपुर ९८०१६६९२०७ । जलेश्वर ९८५४०२११५१ । महेन्द्रनगर ९८१५८४४३८५ । धनुषाधाम ९८०४८६००५८ । वर्दिवास ९७४६५६८१६४ । लाहान ९८०१५४२६०३
गाईघाट ९८५२८३०२३२ । गोलबजार ९८५२८३२५२८ । मिर्चैया ९८२७७३२००० । सिरहा ९८४२८७३२४१ । फत्तेपुर ९८०१५०१६२३ । सिन्धुली ०४७-५२०९६६ । कटारी ९८०२७६३०६४
विरगंज ०५१-५२४८५७ । जितपुर ९८५५०२४३४३ । निजगढ ०५३-५४०२७५ । मलंगवा ९८०३७०५७२८ । कलैया ०५३-५५१४६० । लालबन्दि ०४६-५०१०१५ । बरथवा ०४६-५४०२४४ । गौशाला ९८०१६७२६७०

# कारागारबाट भागेका २३३ कैदीबन्दी फर्किए




**टुडे समाचारदाता**

जलेश्वर । भदौं २३ र २४ गते जेन-जी आन्दोलनको क्रममा महोत्तरीस्थित कारागारबाट फरार रहेका कैदीमध्ये २३३ जना फर्किएका छन् । कारागारबाट भागेकापाँचसय७६कैदीबन्दीमध्ये तीन सय ४३ जना अझै पनि फर्किएका छैनन् ।

संघीय राजधानी काठमाण्डुसहित देशभरि नै जेन-जीको आन्दोलनको क्रममा भदौं २४ गते मंगलबार राति करिब ७ बजे जलेश्वर कारागारमा कैदीबन्दी भई बस्दै आएका ४० भारतीयसहित सबै पाँच सय ७६ जना कैदी फरार भएका कारागारका जेलर अशोक क्षेत्रीले जानकारी दिए । उनले आइतबार बिहानसम्ममा दुई सय ३३ जना कैदीबन्दी फर्किएर आएको बताए ।

कैदीबन्दी फरार भएको अर्को दिन भदौं २५ गते कारागार प्रशासन जलेश्वरले फरार कैदीबन्दीलाई फर्किन आह्वान गरेपछि आइतबार बिहानसम्म दुई सय ३३ जना आइसकेका बताउँदै अन्य कैदीबन्दीहरु पनि आउने क्रम जारी रहेको उनले बताए । जलेश्वर कारागारबाट भागेकामध्ये १२ जना कैदीबन्दीलाई भारततर्फ जाँदै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राउ गरी पुनः कारागार फर्काउन मद्दत गरेका उनको भनाइ छ ।

बाँकी कैदीबन्दी आफैँ कारागारमा फर्किएका छन् । जेन-जी आन्दोलन चल्दै गर्दा भदौं २४ गते मंगलबार राति करिब ५०० को संख्यामा आएका प्रदर्शनकारीले आफूलाई जेन-जी भन्दै कारागार कार्यालयका तीन तहका ढोका फुटाएर सबै कैदीबन्दीलाई भगाएका जेलर क्षेत्रीले बताए ।

जेन- जी आन्दोलनको आडमा जलेश्वर कारागारबाट भागेका र अझै पनि नआएका तीन सय ४३ कैदीबन्दीलाई जिल्लाको तीनै तहका सुरक्षाकर्मी परिचालन गरी खोजीकार्य भइरहेको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालले बताए ।

# वडाध्यक्ष परागको चेतावनी

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिका-२० का वडाध्यक्ष राम किशोर सिंह परागले आठ वर्षदेखि अलपत्र परेको सडक निर्माण कार्य तत्काल सम्पन्न गर्न माग गरेका छन् ।

करिब ८ किलोमिटर लामो हरपतगञ्ज-अपौनी-उदयपुर घुर्मी-सौराहा जोड्ने सडक निर्माण अधुरो हुँदा स्थानीयवासीले वर्षौंदेखि धुलो, हिलो र दुर्गन्धसहितको दैनिक सास्ती व्यहोर्नु परेको छ ।

वडाध्यक्ष परागले आइतबार पर्साका प्रमुख जिल्ला अधिकारी (सिडिओ) तोयनारायण सुवेदीमार्फत सहरी विकास मन्त्री कुलमान घिसिङलाई ज्ञापनपत्र बुझाउँदै तत्काल सडक सञ्चालनयोग्य बनाउन आग्रह गरेका हुन् ।

"आठ वर्षमा पटक-पटक म्याद थप गरियो, तर काम पूरा भएन। नाला र सडकको खाल्डोमा पानी जमेर लामखुट्टे बढेका छन्, रोगको जोखिम छ । अब पनि काम सुरु नभए म धर्ना बस्छु," वडाध्यक्ष परागले चेतावनी दिए ।



२०७४/०७५ को ठेक्का नम्बर डीयुडीबीसी/पर्सा-०८ अन्तर्गत स्वच्छन्द/पप्पु/युनाइटेड जेभी कम्पनीले सडक र नाला निर्माणको जिम्मा लिएको थियो । तर, कम्पनीले गहिरो खाल्डो खनेर काम अधुरो छोडेपछि वर्षायाममा पानी जम्ने, दुर्गन्ध फैलिने र हैजा, डेंगी, मलेरिया जस्ता रोगको जोखिम बढेको स्थानीयले गुनासो गरे ।

दशैंमा मन्दिर पूजा-आराधनासमेत प्रभावित भएको भन्दै स्थानीयवासी आक्रोशित बनेका छन्। उनीहरूले छिट्टै काम सुरु नभए कार्यालय घेराउ गर्ने चेतावनी दिए । ज्ञापनपत्र बुझ्दै सिडिओ सुवेदीले तत्कालै सघन सहरी तथा भवन निर्माण आयोजनाका प्रमुख सञ्जीव कुमार साहलाई फोन गरी काम सुरु गर्न निर्देशन दिएका छन् । तर साहले ठेकदार हरूबीचको कानुनी विवादका कारण ढिलाइ भएको दाबी गरेका छन् ।

सुवेदीले भने, "कुनै न कुनै उपाय निकालेर भए पनि सडक निर्माण सम्पन्न गर्नुपर्छ । म स्वयं स्थल निरीक्षण गर्छु ।"

सघन सहरी तथा भवन निर्माण आयोजनाका सूचना अधिकारी इन्जिनियर राजन जयसवालका अनुसार २०७५ जेठ ९ गते ८४ करोड ९८ लाखमा ठेक्का सम्झौता भएको थियो। पछि सम्झौताअनुसार रकम बढेर ९१ करोड ४७ लाख पुगेको छ ।

तर हालसम्म ५४ करोड ११ लाख भुक्तानी भइसके पनि ७५ प्रतिशत मात्र काम सम्पन्न भएको छ। ठेकेदारले पाँच पटक म्याद थप गरिसकेको र फेरि म्याद थपको निवेदन दिएको जयसवालले जानकारी दिए ।

यसअघि वडाध्यक्ष परागले स्थानीय अगुवाहरूसहित आयोजना कार्यालयमा पुगेर तत्काल काम सुरु गर्न माग गरेका थिए । तर माग पूरा नभए धर्ना दिने चेतावनी अहिले पनि दोहोर्‍याएका छन् ।

अधुरो सडक र बिग्रिएको नालाले नगरको सौन्दर्यमात्र होइन, स्वास्थ्य र जनजीवन नै संकटमा परेको भन्दै स्थानीयवासीले सरकार र सम्बन्धित निकायलाई तुरुन्त ठोस कदम चाल्न आग्रह गरेका छन् ।

# कन्चनरूपमा दुई करोडभन्दा बढीको क्षति

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको कञ्चनरुप नगरपालिकामा जेन- जी आन्दोलनको क्रममा दुई करोडभन्दा बढीको क्षति भएको जनाइएको छ।



जेन- जी आन्दोलनको क्रममा कञ्चनरुप नगरपालिकामा भएको आगजनी, लुटपाट तथा तोडफोडका कारण जिल्लाको कन्चनरूप नगरपालिकामा दुई करोड ५० लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

आन्दोलनको क्रममा लैपटप, कम्प्युटर, प्रिन्टर, डेक्सटप, टेबल, कुर्सी, दराज, फोटोकपी मेसिनलगायत कार्यालय प्रयोजनका लागि राखिएको सामानहरू तोडफोड, आगजनी र लुटपाट गरेपछि कार्यालय सो रकम बराबरको क्षति भएको छ ।

उक्त कार्यालयमा भएको २० प्रतिशत सामग्री तोडफोड गरेर बाहिर निकाली आगजनी गरेको र ८० प्रतिशत सामान लुटपाट गरेर लगेको कार्यालयका प्रमुख प्रशासकिय अधिकृत नवराज खड्काले जानकारी दिए ।

जेन- जी आन्दोलनकारीले नगरपालिका परिसरमा राखिएको चार थान मोटरसाइकल जलाएको छ । नगरपालिकाका प्रमुख चढ्ने गाडी र एउटा मोटरसाइकलमा क्षति पुगेको उनले बताए ।

जेन- जीको आन्दोलनमा घुसपैठ भएका कारण यस्तो घटना घटेको नगरपालिकाका नगरप्रमुख ललन प्रसाद गुप्ता बताए ।

# रौतहटमा लगाइएको निषेधाज्ञा हट्यो




**टुडे समाचारदाता**

रौतहट । जेन-जी आन्दोलन हिंसात्मक मोडमा पुगेपछि रौतहटमा लागु गरिएको निषेधाज्ञा सोमबार हटेको छ ।

जिल्ला प्रशासन कार्यालय रौतहटले आइतबार जारी गरेको विज्ञप्तिमा जिल्लाको सुरक्षा अवस्था सामान्य भएकाले गौर नगरपालिका-चारकिल्लाभित्र लागु गरिएको निषेधाज्ञा सोमबार बिहान ५ बजेदेखि हटाइने उल्लेख गरिएको छ ।

हाल स्थिर शान्ति सुरक्षाका कारण जारी गरिएको निषेधाज्ञालाई हटाइएको प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले बताए। गत भदौ २४ गते भएको आन्दोलनले रौतहटमा पनि भौतिक क्षति पुर्‍याएको थियो ।

# सुरक्षाको नहुँदा औद्योगिक क्षेत्रमा असर पर्ने भन्दै व्यवसायीको चिन्ता

**टुडे समाचारदाता**

वीरगञ्ज । सुरक्षाको प्रत्याभूति नहुँदा औद्योगिक क्षेत्रमा असर परेको भन्दै व्यवसायीहरुले चिन्ता व्यक्त गरेका छन् ।

जेन- जी आन्दोलनपछि उत्पन्न परिस्थितिका कारण मधेश प्रदेशको आर्थिक केन्द्रका रुपमा रहेको वीरगञ्ज र वीरगञ्ज-पथलैया औद्योगिक करिडोर असुरक्षित भएको भन्दै स्थानीय व्यापारीहरुले चिन्ता व्यक्त गरेका छन् ।

जेन- जी आन्दोलनका क्रममा स्थानीय औद्योगिक प्रतिष्ठानहरुमा भौतिक आक्रमण नभए पनि आगामी दिनमा त्यसको असर देखिने सम्भावना रहेको भन्दै व्यवसायीहरुले सरकारसँग सुरक्षाको माग गरेका छन् ।



वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष माधव राजपालका अनुसार आन्दोलनको क्रममा दुई दिन यहास्थित डाबर नेपाल, सूर्य नेपाल, ब्रिटानिया बिस्कुट, पतञ्जलीसहितका बहुराष्ट्रिय कम्पनी लगायत अधिकांश उद्योग बन्द रहेकोमा हाल सबै उद्योग सञ्चालनमा आइसकेका छन् ।

तर सुरक्षाको जोखिम कायमै रहेकाले सरकारले उद्योग र उद्योगीहरुको सुरक्षामा ध्यान दिनुपर्ने उनको भनाइ छ ।

आन्दोलनको क्रममा वीरगञ्ज भन्सार कार्यालय बन्द हुनु, आन्तरिक राजश्व कार्यालय वीरगञ्जमा आगजनी र तोडफोड हुनु, वीरगञ्ज महानगरपालिकाको कार्यालय पनि ध्वस्त बनाइनुले पनि निजी क्षेत्रलाई नियमित पेशा व्यवसाय गर्न मानसिक दबाब परिरहेको उनले बताए ।

औद्योगिक क्षेत्र प्रभावित भए सरकारको राजश्व गुम्ने र विद्युत् को खपत पनि ह्वात्तै घट्न जाने सम्भावना रहेको एक व्यवसायीले बताए ।

कोरोनाकालपछिको आर्थिक मन्दीको मारबाट निस्कने प्रयासमा रहेको यहाँको औद्योगिक क्षेत्रले थप ठूलो जोखिम थेग्न नसक्ने उद्योगी मुरली जालानले बताए ।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतम उद्योग व्यवसाय फस्टाउन पहिलो शर्त शान्ति सुरक्षाको प्रत्याभूति नै रहेको बताए ।

करिडोरका उद्योगले करीब ५० हजार जनशक्तिलाई रोजगार दिँदै आएको छ ।

# लागूऔषध गाँजा बरामद

**टुडे समाचारदाता**

रौतहट । रौतहट प्रहरीले गएराति साढे तीन क्विन्टल गाँजा बरामद गरिएको छ । गस्तीको क्रममा रौतहट प्रहरीले करिब साढे तीन क्वीन्टल गाँजा सहित एक गाडीलाई नियन्त्रणमा लिएको जनाइएको छ ।

प्रहरी चौकी रामपुरखापबाट असइ अमोद साफीको कमाण्डमा खटेको गस्ती टोलीले गएराति ८ बजेको समयमा इशनाथ नगरपालिका- ८ स्थित मोतिपुर सडक खण्डबाट २६ वटा पोकामा राखिएको ३ सय ३४ किलो गाँजा जस्तो देखिने पदार्थ नियन्त्रणमा लिएको छ ।

मोतिपुरबाट जटहरा हुँदै भारततर्फ जाँदै गरेको प्रदेश ३-०१-०२२ च १८६१ नम्बरको तरकारी लोड भएको पिकअप



गाडीबाट उक्त गाँजा बरामद गरिएको रौतहट प्रहरीले जनाएको छ ।

रौतहट प्रहरीलाई देखेर चालक गाडी छाडेर भागेका थिए । त्यसपछि प्रहरीलाई गाडीमाथि शंका लागेको थियो । शंकाको आधारमा प्रहरीले गाडी चेकजाँच गर्दा तरकारी भित्र लुकाएर राखिएको २६ वटा पोकामा ३३४ किलो लागू औषध गाँजा भेटिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्तासमेत रहेका डीएसपी राजु कार्कीले बताए ।

एक पोकामा १५ किलोको दरले १९ पोकामा २८५ किलो र एक पोकामा ७ किलोको दरले ७ पोकामा ४९ किलो गरी जम्मा २६ वटा पोकामा ३३४ किलो गाँजा बरामद भएको डिएसपी कार्कीले बताए ।

माथिबाट २० किलो काउलीले छोपेर लुकाइएको उक्त लागूऔषध गाँजा बरामद भएको छ ।

गाँजा र गाडी प्रहरीले नियन्त्रणमा लिनसके पनि फरार भएका गाडी चालक र गाँजा तस्करको खोजीकार्य भइरहेको उनले बताए ।

करिब दुई महिना अघि पनि गरुडाबाट दुई क्वीन्टलभन्दा बढी गाँजा बरामद भएको थियो ।

# घृणाजन्य अभिव्यक्ति बन्द गर्न आयोगको आग्रह

काठमाण्डु । राष्ट्रिय मानव अधिकार आयोगले कुनै पनि हिंसात्मक कार्यलाई प्रश्रय पुग्नेगरी गतिविधि तथा अभिव्यक्ति नगर्न आग्रह गरेको छ ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले आइतबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा आफ्नो अधिकारको प्रयोग गर्दा अरुको मर्यादामा ठेस पुग्नेखालका अभिव्यक्ति नदिन आग्रह गरिएको छ ।

आयोगको विज्ञप्तिमा भनिएको छ, "आफ्नो अधिकारको प्रयोग गर्दा अरुको मर्यादामा ठेस पुग्ने खालका अभिव्यक्ति नदिन, घृणाजन्य अभिव्यक्तिबाट समाजमा सिर्जना हुनसक्ने हिंसात्मक अवस्थाप्रति सचेत विकसित राजनीतिक परिस्थितिमा संयमित भएर उचित निकास खोज्ने कार्यमा लाग्न आयोग सम्बन्धित सबैमा आग्रह गर्दछ ।"

आयोगले जेनजी आन्दोलनपछि नयाँ सरकार बनेको र निर्वाचनसमेत घोषणा भएको अवस्थामा समाजका विभिन्न क्षेत्रका केही व्यक्ति, समूह र दलका नेताहरुबाट विभिन्न कोणबाट घृणाजन्य अभिव्यक्ति आएको र यस प्रकारका कार्यबाट हिंसात्मक कार्यलाई थप बल पुग्न जाने भएकाले सजग रहन भनेको छ ।रासस

## ज्योतिष-मार्गदर्शन




प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | खर्च कटौती गर्नुपर्ने दिन छ । थोरै बोलेर अगाडि बढ्नु राम्रो हुनेछ । |
| वृष : | दाजुभाइको सल्लाह लिएर अगाडि बढेको खण्डमा दिन सहज बन्नेछ । |
| मिथुन : | राम्रो काम गरेको भए चौतर्फी साथ मिल्नेछ । साथीभाइले सहयोग गर्नेछन्। |
| कर्कट : | उपचारकोक्रममाभएसफलतामिल्नेछ। |
| सिंह : | सञ्चित धन खर्च हुनेछ । खर्चको उपयोग गर्नुपर्ने समय छ । |
| कन्या : | पशुपन्छी र फलफुलको व्यापारमा फाइदा हुनेछ । |
| तुला : | परिवारको सल्लाह लिएर अगाडि बढ्नु भयो भने दिन सहज बन्नेछ । |
| वृश्चिक : | आफूभन्दा ठुलासंगको संगतले तपाईको काम सार्थक बन्नेछ । |
| धनु : | बोलीमा सरस्वतीको बास छ । सोचेर बोल्नु राम्रो हुनेछ । |
| मकर : | अनुत्पादक क्षेत्रको खर्च कटौती गर्नु राम्रो हुनेछ । |
| कुम्भ: | बिहान उठेर शिवको भजन वा पिपलको दर्शन गर्न सकेमा दिन सहज बन्नेछ । |
| मीन : | शुभग्रहको बहुमत छ । मन खुशी हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सजाईंदै दशैंका लागि जनकपुरधामस्थित **राजदेवी मन्दिरको मुख्यद्वार**। *तस्बिरः अमरेन्द्रकुमार यादव*

# वैदेशिक रोजगार विभागको भवन जले पनि सेवा निरन्तर

काठमाण्डु । 'जेनजी' प्रदर्शनका क्रममा क्षतिग्रस्त भए पनि वैदेशिक रोजगार विभागले श्रमसम्बन्धी सेवा निरन्तर दिइरहेको छ ।

गत भदौ २३ र २४ गते भएको प्रदर्शनले आगजनी र तोडफोड भएको ताहाचलस्थित वैदेशिक रोजगार विभागमा सुरक्षित रहेका केही कोठालाई व्यवस्थापन गरेर सेवा सञ्चालन भइरहेको छ ।




व्यक्तिगत श्रम स्वीकृति, वैदेशिक रोजगार कार्यालयको सहायता कक्ष, प्रशासन शाखा, उद्धार तथा राहत समन्वय शाखा, आर्थिक प्रशासन शाखाबाट सेवा सञ्चालन भइरहेको श्रम मन्त्रालयका सह-प्रवक्ता तथा उपसचिव मेघनाथ रिमालले जानकारी दिनुभयो। उहाँका अनुसार धेरै श्रमसम्बन्धी कार्य अनलाइनमार्फत हुने भएकाले विभागको भवन क्षतिग्रस्त भए पनि काममा अवरोध भएको छैन ।

यस्तै, श्रमसम्बन्धी गुनासो र उजुरी लिने, राहत र उद्धार सेवालाई विभागले अत्यन्त महत्त्व दिएर काम गरिरहेको सह-प्रवक्ता रिमालले जानकारी दिनुभयो । "वैदेशिक रोजगार विभाग जनतासँग प्रत्यक्ष सरोकार राख्ने निकाय भएकाले यसको कार्यमा कुनै अवरोध नआउने गरी सञ्चालन गरिरहेका छौँ", उहाँले भन्नुभयो, "यद्यपि, भौतिक क्षति हुँदा कर्मचारीलाई व्यवस्थित रूपमा सेवा प्रदान गर्न भने कठिनाइ भइरहेको छ।"रासस

# गृहमन्त्रीद्वारा सशस्त्र प्रहरी बललाई निर्देशन



काठमाण्डु । गृहमन्त्री एवं कानुन न्याय तथा संसदीय मामिलामन्त्री ओमप्रकाश अर्यालले कार्यक्षेत्रमा थप उच्च मनोबल र हौसलाका साथ परिचालित हुन सशस्त्र प्रहरी बललाई निर्देशन दिनुभएको छ।

सशस्त्र प्रहरी बल प्रधान कार्यालय हलचोकको निरीक्षण भ्रमणपछि आइतबार यहाँ आयोजित समारोहलाई सम्बोधन गर्दै गृहमन्त्री अर्यालले सशस्त्र प्रहरी बल नेपालले आफ्नो स्थापनाकालदेखि नै मुलुकमा देखापरेका विभिन्न अप्ठ्यारा परिस्थितिमा आइपरेका चुनौतीलाई परास्त गर्दै आएको स्मरण गर्नुभयो।

उहाँले भन्नुभयो, "नेपाली जनताको जीवनरक्षा गर्नुभन्दा ठूलो कर्तव्य अरु केही हुन सक्दैन भन्ने कुरा सशस्त्र प्रहरी बल नेपाल तथा अन्य सुरक्षा निकायले राम्रोसँग बुझेका छन्, आगमी दिनमा कार्यक्षेत्रमा थप हौसलाका साथ परिचालित हुनुपर्छ।"

सशस्त्र प्रहरी बल नेपालले प्राथमिकीकरण गरेका कार्यदिशअन्तर्गत सीमा सुरक्षा, राजस्व सङ्कलन, विपद् व्यवस्थापनमा सक्रिय भई सीमास्तम्भ मर्मतसम्भार, सीमापार अपराध नियन्त्रण, अवैध चोरीपैठारी, मानव बेचबिखन, हातहतियार तथा लागुऔषधको ओसारपसार नियन्त्रणमा 'डेडिकेटेड' रुपमा परिचालन हुन गृहमन्त्री अर्यालले आग्रह गर्नुभयो।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले राज्य र नागरिकको सेवा तथा सुरक्षामा समर्पित सशस्त्र प्रहरी बल नेपाल जनअपेक्षाअनुरुप सुरक्षा प्रदान गर्दै आएको उल्लेख गर्दै सङ्गठनले आर्जन गरेको प्रतिष्ठा र जनविश्वासलाई अक्षुण्ण राख्न अनुशासित, कर्तव्यपरायण र सेवाप्रति निष्ठावान् रही राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा परिचालित हुँदै आएको बताउनुभयो।

राजस्व चुहावट नियन्त्रण र वैध व्यापार प्रवर्द्धनमार्फत राज्यको अर्थतन्त्रमा योगदान पुऱ्याउन सशस्त्र प्रहरी बलले प्रभावकारी भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै महानिरीक्षक अर्यालले सीमा क्षेत्रमा आवश्यक जनशक्ति र बिओपीको सङ्ख्या वृद्धि गर्नसके थप उपलब्धि हासिल हुने विश्वास व्यक्त गर्नुभयो।रासस

# नवीकरणीय ऊर्जालाई मूल प्रवाहीकरण गरिनेछ : मन्त्री घिसिङ

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले हाल ऊर्जा सम्मिश्रणमा रहेको १० प्रतिशतको प्रावधान तत्कालै हटाउन सरकार तयार रहेको बताउनुभएको छ।

लघुजलविद्युत्, बायोग्यास, बायोमास, सौर्य ऊर्जा, वायु ऊर्जा क्षेत्रमा क्रियाशील निजी क्षेत्रको छाता सङ्गठन नेपाल नवीकरणीय ऊर्जा परिसङ्घ (रिकोन) का प्रतिनिधिसँगको भेटमा मन्त्री घिसिङले सो कुरा बताउनुभएको हो।

मन्त्री घिसिङले दिगो, समावेशी र मजबुत नवीकरणीय ऊर्जा प्रणाली निर्माणमा आफू पूर्णतः प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो। नेपालले सन् २०४५ सम्म नेट-शून्य उत्सर्जनको लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जा प्रविधिबाट सहयोग पुग्ने भएकाले नवीकरणीय ऊर्जालाई मुलुकको ऊर्जा विकासमा मूल प्रवाहीकरण गरिनेछ भन्नुभयो।



ऊर्जामन्त्री घिसिङलाई बुझाएको ज्ञापनपत्रमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता ऐन, २०८० को द्रुत कार्यान्वयन; ऊर्जा नियामक आयोगमा निजी क्षेत्रको प्रभावकारी प्रतिनिधित्व सुनिश्चित गर्न माग गरिएको छ। नेट-मिटरिङ, विकेन्द्रित उत्पादन, लघु जलविद्युत् र रूफटप सौर्यलाई राष्ट्रिय ऊर्जा नीतिमा पूर्ण रुपमा संस्थागत गर्न, यी ऊर्जा परियोजनामा 'एएए' मोडेल विस्तार एवं स्थानीय तहमा जेनजी पुस्तालाई रोजगारी सिर्जना हुनेगरी कार्यान्वयन गर्न सुझाव दिइएको छ।

हरित वित्त र लगानी, कार्बन बजारका संयन्त्र विस्तार गरी लगानी जोखिमको न्यूनीकरण, नवीकरणीय ऊर्जा प्रविधिमा कर छुट तथा भन्सार सहुलियत र सहुलियत व्याजदर सुनिश्चित, जैविक ऊर्जा उत्पादन गर्ने उद्योगलगायत नवीकरणीय ऊर्जासम्बन्धी उद्योगलाई सहुलियत दरमा विद्युत् उपलब्ध, लघु जलविद्युत् आयोजनालाई राष्ट्रिय प्रसारण लाइनमा जडान तथा विश्वविद्यालय र अन्तरराष्ट्रिय साझेदारसँग सहकार्य गर्नुपर्नेमा जोड दिइएको छ।

> नेपाल निर्माण व्यवसायी महासंघका प्रतिनिधिसँग आज भएको भेटवार्तामा उहाँले काम नगरेर वर्षौंसम्म आयोजना अलपत्र पार्ने निर्माण व्यवसायीसँगको ठेक्का तोडिने प्रष्ट पार्नुभयो ।

ऊर्जा मिश्रणमा नवीकरणीयको हिस्सा २५ प्रतिशतसम्म पुऱ्याउने लक्ष्यसहित प्रोत्साहन व्यवस्था गर्न तथा 'मेड इन नेपाल-मेक इन नेपाल'अन्तर्गत नवीकरणीय ऊर्जा प्रविधिका पार्ट्र्स/उपकरण/एसेम्बली उद्योग नेपालमै स्थापना गरी जेनजी पुस्ताका लागि स्वदेशमै रोजगारी सिर्जना गर्न पनि माग गरिएको छ। महिला, युवा, जेनजी र सीमान्तकृत समुदायको रोजगार, स्वामित्व र उद्यमशीलतामा सार्थक सहभागिता गराउन, प्रदेश/स्थानीय तहमा ऊर्जा आवश्यकता आँकलन, व्यवस्थापन र वित्तीय क्षमता विकास कार्यक्रम सञ्चालन, उत्पादन-प्रसारण-वितरणमा जनसहभागिता सुनिश्चित गर्न, घरेलु/साना उद्योग र उद्यमशीलतासँग ऊर्जा पहुँचलाई जोड्न पनि मन्त्री घिसिङ सकारात्मक रहेको रिकोनका अध्यक्ष कुशल गुरुङले बताउनुभयो।

सो अवसरमा रिकोनका पूर्वअध्यक्ष गुणराज ढकाललगायत लघुजलविद्युत्, बायोग्यास, बायोमास, सौर्य ऊर्जा, वायु ऊर्जा प्रविधिसम्बन्धी निजी क्षेत्रसम्बन्धी संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो।

**लामो समयदेखि जीर्ण अवस्थामा रहेका आयोजना राख्न हुदैन**

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले ठेक्का सम्झौता भएका तर लामो समयदेखि काम नभई जीर्ण अवस्थामा रहेका आयोजना राख्न नहुने धारणा राख्नुभएको छ।

नेपाल निर्माण व्यवसायी महासङ्घका प्रतिनिधिसँग आज भएको भेटवार्तामा उहाँले काम नगरेर वर्षौंसम्म आयोजना अलपत्र पार्ने निर्माण व्यवसायीसँगको ठेक्का तोडिने प्रष्ट पार्नुभयो । उहाँले कुनै पनि निर्माण व्यवसायीप्रति पूर्वाग्राही भएर ठेक्का नतोड्ने भन्दै अलपत्र परेका र लापरवाही वा विविध कारणले जीर्ण बनेका विकास आयोजनाका ठेक्का भने तोड्ने बताउनुभयो।

"अनुमानित लागतभन्दा कम रकम कबोल गरेर आयोजना लिने तर काम नगर्ने प्रवृत्ति बढ्दो छ, कम रकम कबोल गरेर ठेक्का लिएमा मेरो घरबार जान्छ, बैंक जमानत जफत हुन्छ, जरिवाना (पेनाल्टी) हुन्छ भन्ने डर नभएसम्म काम हुँदैन । ठेक्का सम्झौता गर्ने तर लामो समेयदेखि काम नभई जीर्ण भएका आयोजना राख्न हुँदैन", मन्त्री घिसिङले भन्नुभयो, "बजेट छ, आयोजना तयारी अवस्थामा छ, सबै व्यवस्था हुँदा पनि किन काम हुँदैन ? म आफैँ पनि इञ्जिनियर भएकाले सम्पूर्ण ठेक्का प्रक्रियाको पूर्ण जानकार छु, आयोजनातर्फबाट पनि गर्नुपर्ने काम नगरेको पनि त्यो पनि हेर्छौं, अन्यायपूर्वक कसैलाई कारबाही गर्दैनौं । पेनाल्टी हुँदैन जे गर्दा पनि हुन्छ भन्ने प्रवृत्तिलाई अन्त्य गर्नुपर्छ।" उहाँले बजेट नै भएका आयोजना पनि निर्माण व्यवसायीले काम नगर्ने अवस्था देखिएको बताउनुभयो।

विदेशमा गुणस्तरीय र प्रभावकारी काम गरिरहेका निर्माण व्यवसायी नेपालमा काम गर्दा भने असफल नदेखिएका उल्लेख गर्दै मन्त्री घिसिङले आफूले लिएका आयोजना तोकिएको समय र गुणस्तरमा निर्माण सम्पन्न गरी नेपालका निर्माण व्यवसायी पनि सक्षम छन् भन्ने सन्देश दिन सबैलाई आग्रह गर्नुभयो।

"निर्माण क्षेत्रमा अनियमिता र भ्रष्टाचार रहेको आमबुझाइ छ, जेनजी प्रदर्शनपछि गठन भएको अहिलेको सरकारको मुख्य उद्देश्य भ्रष्टाचार नियन्त्रण रहेकाले निर्माण व्यवसायी पनि भ्रष्टाचार निर्मूल गर्नेतर्फ लाग्नुहोस", उहाँले भन्नुभयो।रासस

# अन्तरराष्ट्रिय बजारमा पर्यटन प्रवर्द्धनलाई तीव्र बनाउँदै पर्यटन बोर्ड

काठमाण्डु । जेनजी प्रदर्शनका कारण पर्यटन व्यवसायी केही निराश भए पनि नेपाल पर्यटन बोर्डले भने अन्तरराष्ट्रिय स्रोत बजारमा पर्यटन प्रवर्द्धनलाई तीव्रता दिएको छ। जेनजी प्रदर्शनपछि अन्तरराष्ट्रिय बजारमा नेपालको पर्यटनबारे सकारात्मक प्रचारप्रचारका लागि बोर्डले प्रवर्द्धनका कार्यक्रमलाई अघि बढाएको हो।




सोही क्रममा बोर्डले जेनजी प्रदर्शनपछि पहिलो पटक यही असोज २ देखि ४ गतेसम्म बङ्गालदेशको राजधानी ढाकामा आयोजित १२ औँ एसियन पर्यटन मेलामा सहभागी भइ नेपाल विदेशी पर्यटक स्वागतका लागि पूर्ण रुपमा तयार रहेको सन्देश दिएको छ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले प्रदर्शनका कारण पर्यटन क्षेत्रमा केही क्षति भए पनि ठूलो प्रभाव नपरेको उल्लेख गर्नुभयो। "प्रदर्शनपछि पर्यटन बजार सामान्य अवस्थामा फर्किएको छ, यो सन्देश हामीले अन्तरराष्ट्रिय स्रोत बजारमा पुऱ्याउनुछ, सोही क्रममा बङ्गलादेशमा पर्यटन प्रवर्द्धन गरेका हौँ", उहाँले भन्नुभयो।

बङ्गलादेशका लागि नेपालका राजदूत घनश्याम भण्डारीले मेलाको उद्धाटनका अवसरमा नेपालको पर्यटन क्षेत्र विभिन्न चुनौतीबीच पनि छिटो पुनःरुत्थान भइरहेको उल्लेख गर्नुभयो । उहाँले नेपाल-बङ्गलादेशबीचको पर्यटन सहकार्य र जनस्तरीय सम्बन्ध अझ मजबुत बनाउनु पहल भइरहेको दाबी गर्नुभयो। मेलामार्फत नेपाली कम्पनीहरूले नयाँ अवसरको पहिचान, पुराना सम्बन्धलाई नवीकरण गर्दै प्याकेज तथा सेवाहरू प्रस्तुत गरेका थिए।

त्यस अवसरमा बङ्गलादेशी आगन्तुकहरूले नेपालमा भएको जेनजी आन्दोलनपछिको अवस्थाबारे जिज्ञासा राखेका थिए । उनीहरूले बङ्गलादेशमा पनि विगत वर्षमा भएका राजनीतिक घटनाक्रमसँग तुलना गर्दै नेपाल भ्रमण गर्ने योजनामा कुनै असर नपरेको प्रतिक्रिया दिएका थिए।

सन् २०२४ मा नेपालमा करिब ४९ हजार बङ्गलादेशी पर्यटक आएका थिए भने सन् २०२५ को पहिलो आठ महिनामै बङ्गलादेशी पर्यटक आगमनमा झन्डै ३२ प्रतिशत वृद्धि भएको पर्यटन बोर्डको भनाइ छ। भौगोलिक निकटता, समान जीवनशैली र बङ्गलादेशको बढ्दो आर्थिक क्षमताका कारण नेपाल उनीहरुका लागि प्रमुख पर्यटकीय गन्तव्य बन्न सक्ने बोर्डको विश्वास छ।

मुलुकको पर्यटन प्रवर्द्धनका लागि बोर्डसँगै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सरोकारवालाले पनि पर्यटन पुनःरुत्थानका लागि सक्रियता देखाएको बोर्डको बुझाइ छ। "आन्तरिक गन्तव्यमा मात्रै नभइ अन्तरराष्ट्रिय पर्यटन स्रोत बजारमा पनि नेपालका पर्यटकीय गन्तव्य सुरक्षित रहेको सन्देशसहित नेपाल भ्रमणका लागि आग्रह गरिएको छ", सिइओ जोशीले भन्नुभयो।

बोर्डले आफ्नो वेबसाइटमा नेपालका विभिन्न पर्यटकीय गन्तव्यमा भ्रमण गरिरहेका पर्यटकहरुलाई उनीहरुको अनुभव लाइभ गरेर प्रवर्द्धनात्मक गतिविधिलाई निरन्तरता दिएको छ।रासस

# जेनजी प्रदर्शनका क्रममा कांग्रेसका केन्द्रीय कार्यालयसहित ४८ जिल्ला कार्यालयमा क्षति

काठमाण्डु । गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा नेपाली कांग्रेसका ४८ जिल्ला कार्यालयमा क्षति भएको सो पार्टीले जनाएको छ।

प्रदर्शनकारीले पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवासहित उपसभापति, महामन्त्री, सहमहामन्त्री, केन्द्रीय सदस्य, प्रदेश सभापतिलगायत नेताहरुका ९५ निवासमा जस्ता हिंसात्मक घटनाका बारेमा प्रारम्भिक विवरण कांग्रेसले सार्वजनिक गरेको हो। कांग्रेसको सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार प्रदर्शनकारीले केन्द्रीय कार्यालय जलाएर ध्वस्त पारेको र कुनै पनि सामान नबचेको तथा करिब रु १० करोड बराबरको क्षति भएको छ।

यसैगरी कांग्रेसले आन्दोलनका क्रममा ज्यान गुमाउनुभएका सबैप्रति पुनः




आगजनी, तोडफोड, लुटपाट भएको कांग्रेसले आइतबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

गत भदौ २४ गते कांग्रेसका देशभरका पार्टी कार्यालय तथा नेताहरुको निजी सम्पत्तिमा भएको तोडफोड, लुटपाट र आगजनी श्रद्धाञ्जली अर्पण गर्दै शोकाकूल परिवारजनमा समवेदना र घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ। साथै पार्टीले उक्त घटनाको सत्य तथ्य छानबिन गरी दोषीलाई कारबाहीको माग गरेको छ। रासस




जनकपुर टुडे
२०८२ साल आश्विन ६ गते सोमबार (22 September, Monday, 2025)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# संविधान पुनर्लेखन आवश्यक

जेन- जी आन्दोलनको मूल उद्देश्यभन्दा सरकार फरक मार्गबाट अगाडि बढेको छ। आन्दोलनको बलमा प्रतिनिधिसभा विघटन भइसकेको छ। देशको संविधानमा नरहेको धारालाई टेकेर आन्दोलनकै बलमा सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ। ४ सदस्यीय मन्त्रिमण्डलले काम पनि थालिसकेको छ । तर अन्तरिम सरकारको प्रमुख एजेण्डा फागुन २१ गते प्रतिनिधिसभाको चुनाव गराउने भएको छ । सरकारमा रहेका इमान्दार र देश निर्माणका लागि सचेत विज्ञहरुले आर्थिक, भौतिक, प्रशासनिक, सुरक्षा, उर्जालगायतको क्षेत्रमा उल्लेख्य प्रगति गर्ने छन्। तर जेन- जीको आन्दोलनको एजेण्डालाई सरकारले सम्बोधन गर्ने वातावरण बिथोलिन सक्ने सम्भावना देखिएको छ । हुन त अहिलेकै संरचना अनुसारको प्रतिनिधिसभाको चुनाव गराएर सरकारले उपलब्धि हासिल गर्न सक्दैन। फागुनमा हुने प्रतिनिधि सभाको चुनावमा पनि विभिन्न राजनीतिक दलहरुको प्रतिनिधित्व हुने सम्भावना छ। जेन- जी आन्दोलनमा होमिएका युवाहरु, घाइते युवाहरु र शहीदका परिवारजनले चुनावमा भाग लिए अन्य दलहरुको तुलनामा सहानुभूति मत संकलन गर्न सक्छन्। तर प्रतिनिधि सभाको संरचनामा कुनै परिवर्तन हुने छैन । समावेशी र प्रत्यक्ष चुनावबाट नै प्रतिनिधि सभाको गठन हुने छ। अन्य संरचना यथावत रहने छ। प्रतिनिधि सभाको चुनाव गराउन मात्र जेन- जी आन्दोलन भएको थिएन ।जेन- जी आन्दोलनको मुद्दालाई ओझेलमा पार्न ठूलो षडयन्त्र भइरहेको देखिन्छ । वर्तमान संविधानले देशको जटिल समस्यालाई निकास दिन सक्दैन । देशको समस्यालाई निकास २०७२ को संविधानले दिन सक्दैन। संविधानको कम्तिमा पुनर्लेखन गरी देशमा देखिएका विकराल समस्यालाई सम्बोधन गर्दै सबै नेपालीले अपनत्व महसुस गर्ने बनाउन आवश्यक छ। संविधानको पुनर्लेखन गरी देशमा कार्यकारी प्रमुखको प्रत्यक्ष निर्वाचन हुने प्रावधान राख्नु पर्छ। सांसदहरुले सरकार चलाउने भन्दा विज्ञहरुले सरकार चलाउने व्यवस्था संविधानमा हुनुपर्छ। पछाडि पारिएका नेपालीहरुलाई मूल प्रवाहमा ल्याउन आरक्षणको हालको व्यवस्थालाई बढाउनु पर्छ। सार्वजनिक पद धारण गरी भ्रष्टाचार गर्नेहरुलाई कारबाही गर्न अधिकार सम्पन्न आयोग गठन गर्नुपर्छ। त्यसका लागि पनि संविधान संशोधन आवश्यक छ। अन्तरिम सरकारले हालकै बेथितिपूर्ण संरचनाका लागि चुनाव गराउने एजेण्डालाई प्राथमिकता दिने भन्दा संविधान पुनर्लेखन गरी विकृतिहरु हटाउन सरकारको अर्जुनदृष्टि हुनुपर्ने हो । देशमा संघीय शासनको पक्षमा ठूलो जनमत छ। प्रतिनिधिसभाको चुनाव जेन- जी आन्दोलन र देशमा देखिएको चरम असन्तुष्टिको सम्बोधन होइन। यो यथार्थलाई अन्तरिम सरकारले समयमै बुझ्न जरुरी छ। अन्तरिम सरकारको प्रधानमन्त्री लगायतका मन्त्रीहरु हरेक चुनौतीको सामना गर्न सक्ने क्षमतावान् छन्। तर प्रतिनिधिसभाको चुनाव गराएर सत्ता हस्तान्तरण गर्नुको कुनै औचित्य हुने छैन।

# शैलपुत्री : माँ दुर्गाको पहिलो शक्ती

*वन्दे वांछितलाभाय चन्द्रार्धकृतशेखराम् ।*
*वृषारूढां शूलधरां शैलपुत्रीं यशस्विनीम् ॥*

वडा दशैंमा दुर्गा भवानीको पहिलो पुजा माता शैलपुत्रीको रुपमा हुन्छ ।दूर्गा पुजालाई नवरात्रीपनि भनिन्छ ।दूर्गा भवानीको नौ स्वरुपको नौ दिन पुजा हुने क्रममा पहिलो दिन शैलपुत्रीको पुजा गरिन्छ ।वडा दशैंमा पहिलो दूर्गा शैलपुत्रीलाई मानिएको छ ।पर्वतराज हिमालय को घरमा पुत्रीको रूपमा उत्पन्न भएको कारण 'शैलपुत्री' नाम राखिएको धर्मशास्त्रहरुमा उल्लेख छ । नवरात्री पुजामा पहिलो दिन शैलपुत्रीको पूजा , उपासना गरिन्छ। प्रथम दिन को उपासनामा योगी आफ्नो मनलाई 'मूलाधार' चक्रमा केन्द्रित गर्छन् । यहाँबाट नै योग साधना प्रारंभ हुन्छ । वृषभ स्थित माता शैलपुत्रीको दाहिने हाथमा त्रिशूल बायाँ हातमा कमल-पुष्प सुशोभित छ। आफ्नो पूर्व जन्ममा शैलपुत्री प्रजापति दक्षको कन्याको रूपमा प्रकट भएकी थिईन् । त्यती बेला उनको नाम सती थियो । माता शैलपुत्रीको बिबाह भगवान शंकर सित भएको थियो ।

एक पटक प्रजापति दक्षले एउटा विशाल यज्ञ गरेका थिए ।त्यस महायज्ञमा उनले सबै देउताहरुलाई आ-आफ्नो यज्ञ भाग प्राप्त गर्न आमन्त्रित गरे ।तर उनले भगवान शिवलाई त्यो विशाल महायज्ञमा आमन्त्रित गरेनन् ।सतीले पिता प्रजापतिले विशाल महायज्ञ गरिरहेको खवर थाहा पाएपछि उनलाई पनि त्यसमा सहभागि हुन कौतुहलता भयो ।आफ्नो पिताले गर्न लागेको महायज्ञमा सहभागि हुन उनको तिव्र ईच्छा भयो ।

माता सतीले आफ्नो पिताले आयोजन ।गर्न लागेको विशाल यज्ञमा सहभागि हुने आफ्नो ईच्छा भगवान शंकर समक्ष राखिन् ।सतीको ईच्छा बुझेपछि भगवान शिवले आफूलाई निम्तो नदिने कारण खोतल्ने प्रयास गरे । उनले कुनै कारण प्रजापति आफूहरुसित असन्तुष्ट रहेकाले हामीलाई आमन्त्रण नगरेको हुन सक्ने माता सतीलाई जानकारी गराईन् ।

उहाँले भन्नुभयो, प्रजापतिले सबै देउताहरुलाई आमन्त्रित गरी उनीहरुलाई भागपनि समर्पित गरेका छन् ।तर हामीलाई उहाँले जानेर नै नबुलाएका हुन् ।'सबै देउताहरुलाई आमन्त्रण गरी भाग दिएका प्रजापतिले हामीलाई सुचना समेत दिएका छैनन् ।यस्तो अवस्थामा तिमीलाई त्यहाँ जानु श्रेयस्कर होईन् ।

आफ्नै पिताले नबोलाएको स्थानमा जानु कुनै दृष्टिकोणले उपयुक्त नभएको भगवान शिवले माता सतीलाई भने । भगवान शंकरको यो उपदेशले माता सतीलाई प्रभावित गर्न सकेन् । माईतीप्रतिको अपनत्वलाई उनले क मगर्न सकेन् ।

पिताले आयोजन ।गर्न लागेको महायज्ञ हेर्ने, आमा र बहिनीसित भेंटने उनको कौतुहलतालाई भगवान शंकरको वचनले शान्त गर्न सकेन् ।सतीको आग्रह र माईतीप्रतिको प्रेमलाई हेरेर भगवान शंकर प्रभावित भए । सतीको भावनालाई दृष्टिगत गरी भगवान शिवले उनलाई प्रजापतिको महायज्ञमा सहभागि हुने अनुमति दिए ।

सती पिताको घर पुग्दा उनलाई अनौठो र खल्लो महसुस हुन थाल्यो ।उनी त्यहाँ पुग्दा कसैले उनलाई आदर र प्रेमपूर्ण सम्मान दिएन् ।कसैले पनि वास्ता गरेको उनलाई लागेन् । कसैले उनीसित प्रेमपूर्ण बातचित समेत गर्न चाहिरहेका थिएनन् ।उनलाई हेरेपछि मुख फेर्ने गरेका थिए ।यद्यपी उनकी आमाले स्नेहपूर्ण ढंगले उनलाई अंगालो हालिन् ।तर बहिनीहरुले उनको उपहासगर्दै व्यंग गरिरहेका थिए ।

परिजनको व्यवहारबाट सतीलाई अत्यन्त हिनताबोध भयो ।उनको मनमा ठूलो अघात पऱ्यो ।चतुर्दिक भगवान शंकरजीप्रति त्यहाँ तिरस्कारको भाव उनले देखिन् ।आफ्नै पिताले पनि भगवान शंकरप्रति अपमानजनक शब्दको प्रयोग गरेको उनलाई साह्रै चित बुझेन् ।

यी सबै अपमानजनक व्यवहार हेरेपछि उनको मनमा ग्लानी, पश्चाताप र क्रोध जागृत भयो ।उनलाई पश्चाताप हुन थाल्यो ।भगवान भोलेनाथको उपदेश नमानी यहाँ आउनु ठूलो भूल गरेको सतीलाई महसुस हुन थाल्यो ।उनलाई लाग्यो मैले ठूलो गल्ती गरे ।

उनले आफ्नो पति भगवान शिवशंकरको अपमानलाई सहन गर्न सकिनन् ।उनले आफ्नो त्यो रुपलाई योगाग्निद्वारा तत्क्षण नै जलाएर भष्म गरिन् ।सतीको भष्मको खवरले भगवान शंकर अत्यन्त क्रोधित भए ।उनले तत्काल नै आफ्ना गणहरुलाई प्रजापतिको यज्ञ स्थलमा पठाएर विध्वंस मच्चाए ।यज्ञ पूर्ण रुपमा ध्वस्त भयो ।

सतीले योगाग्निद्वारा आफ्नो शरीरलाई भस्म गराई अगामी जन्ममा शैलराज हिमालयको पुत्रीको रूपमा जन्म लिईन् ।यस पटक उनी 'शैलपुत्री' नामले विख्यात हुईन । पार्वती, हैमवती पनि उनकै नाम हो । उपनिषदको एउटा कथा अनुसार शैलपुत्रीले नै हैमवती स्वरूपले देवताको गर्व-भंजन गरिन् ।



# मधेश प्रदेशमा सुशासन

ई सत्य नारायण शाह

नेपालको २०७२ सालको संविधानले देशलाई संघीय प्रणालीमा पुनः संरचना गर्दै संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा शासन व्यवस्था स्थापना गरेको छ। यस संरचनामा प्रदेश सरकार नागरिक नजिक हुने र स्थानीय सरकारभन्दा बढी स्रोत तथा क्षमता भएका तहका रूपमा परिकल्पना गरिएको छ। यस्तो अवस्थामा सुशासन कुनै अमूर्त धारणा होइन; बरु प्रदेशस्तरीय संस्थाले बजेटलाई नागरिकले महसुस गर्ने सेवा र परिणाममा रूपान्तरण गर्ने आधार हो।

संयुक्त राष्ट्रसंघ (ग्ल) ले सुशासन (Good Governance) लाई दिगो विकास, मानव अधिकार र लोकतान्त्रिक प्रणालीको मेरुदण्डका रूपमा लिएको छ। ग्ल को दृष्टिमा सुशासनका मुख्य तत्वहरूमा (Principles of Good Governance) १. भागीदारी (Participation) २. कानूनी शासन (Rule of Law) ३.पारदर्शिता (Transparency) ४. जवाफदेहिता (Accountability) ५. समावेशिता र समानता (Equity and Inclusiveness) ६. क्षमता र प्रभावकारिता (Effectiveness and Efficiency) ७. सहमति अभिमुखता (Consensus–Oriented) ८. दिशा र दृष्टिकोण (Strategic Vision)

सुशासन स्थापनाको लागि केहि व्याबहारिक सूझावहरु यस आलेखमा प्रस्तुत गरिएको छ।

तर यसमा प्रवेश गर्नु अगाडी एउटा सफलताको पुरानो भएपनि यथार्त कथा मननीय एबं अनुकरणीय भएकोले प्रस्तुत गरिएको छ। एउटा मुख्य मन्त्रीले आफ्नो राजनैतिक प्रतिबद्धतालाइ प्रदर्शित गर्दै कस्तो उदाहरण स्थापित गर्न सक्छ त्यो सन्दर्भ प्रस्तुत गरिएको छ।

आन्ध्रप्रदेश (भारत) का तात्कालिन मुख्यमन्त्री श्री चन्द्र बाबु नायडुले आफ्नो एक प्रस्तुतिमा भनेका थिए -

"राज्य त्यति नै राम्रो हुन्छ, जति राम्रो नेतृत्व हुन्छ। जरास्तरको(root level) गहिरो बुझाइ र विश्वव्यापी परिवर्तनशील वातावरणबारे ज्ञान बिनाको शासन सतही व्यवस्थापन मात्र हो। तर, स्थानीय अनुभव र विश्वव्यापी ज्ञान भएको सरकारले नागरिक र राज्यका लागि उत्कृष्ट काम गर्न सक्छ।"

यो भनाइले राज्य विकासमार्फत जनकल्याण गर्ने उनको अन्तर्निहित दृष्टि प्रष्ट देखाउँछ। राज्यलाई वर्तमान अवस्थामा ल्याउन उनले SMART लाई रणनीतिक उपकरणका रूपमा प्रयोग गरे, जसको अर्थ हुन्छ - Simple (सरल), Moral (नैतिक), Accountable (जवाफदेही), Responsive (उत्तरदायी) र Transparent (पारदर्शी) सरकार, जुन ई-शासन (e–Governance) द्वारा समर्थित थियो। प्राविधिक प्रयोगमार्फत सुशासनलाई प्रोत्साहन गर्ने महत्त्व उनलाई राम्ररी थाहा थियो, त्यसैले उनले सूचना प्रविधि प्रयोग गरेर सफलतापूर्वक शासन प्रणालीलाई अघि बढाउन सके। उनले यसै प्रसङ्गमा भनेका थिए। "पारदर्शिता दिन, जवाफदेहिता कायम गर्न र छिटोछरितो सेवाप्रवाह गर्न सूचना प्रविधि अति नै महत्त्वपूर्ण छ। अहिले ई-सेवा मार्फत हामी हैदरावाद र प्रमुख सहरहरूमा सम्पूर्ण सेवा उपलब्ध गराइरहेका छौँ। ३-४ वर्षभित्र सबै सेवा, सबै Utility Payment र सम्पूर्ण सूचना अनलाइन मार्फत उपलब्ध गराउने मेरो योजना छ। यसका लागि कुनै नागरिकले मेरो कार्यालय वा अन्य कुनै कार्यालय धाउनुपर्ने छैन।"

यसअघि राज्यले विशेषगरी निर्माण कार्य, सामान र सेवाको खरिद प्रक्रियामा धेरै समस्या भोग्दै आएको थियो। बोलपत्रदातालाई शारीरिक धम्की, बोलपत्रदाता समूहद्वारा मिलोमतो गर्ने, प्रतिस्पर्धा दवाउने, विभागीय कर्मचारीमाथि दबाब दिने, निविदा टुंगोमा ढिलाइ गर्ने, मानवीय चलखेल, कागजात छेडछाड, पारदर्शिताको कमी, मिडियामा नकारात्मक प्रचार आदि घटनाहरू बारम्बार देखिन्थे। यस्तो अवस्थामा, जहाँ राज्यको ७५-८०% विकास खर्च यिनै खरिद प्रक्रियामा खर्च हुन्छ, सुशासन सम्भव थिएन। यस्तो भ्रष्ट प्रक्रिया सामाजिक विकृति जन्माउने र शासनको कार्यक्षमता सीधा प्रभावित गर्ने कुरा नायडुले राम्रोसँग बुझे। त्यसैले उनले ठूलो राजनीतिक प्रतिबद्धताका साथ ई-Procurement प्रणालीलाई ई-शासनको महत्वपूर्ण अङ्गका रूपमा लागू गर्ने प्रस्ताव ल्याए।

श्री नायडुले केवल आफ्नै राज्यमा मात्र यो प्रणाली लागू गरेनन्, उनले यसलाई भारतभित्र र बाहिर समेत उदाहरणीय प्रणालीका रूपमा स्थापित गरे। यो केवल उनको फराकिलो राजनीतिक दृष्टि, दृढ प्रतिबद्धता र प्रशासनिक ईमानदारीका कारण सम्भव भएको हो। यस उपलब्धिका कारण राज्यले विगत वर्षमा करिब १५ हजार करोड भारतीय रुपैयाँ बराबरको खरिद प्रक्रियालाई विवादरहित र सहज रूपमा सम्पन्न गर्न सक्यो।

मधेश प्रदेशमा सुशासन स्थापना गर्न प्राथमिकताका साथ् कार्यान्वयन गरिहाल्नुपर्ने केहि सूझावहरु :

**१ उच्चस्तरीय सुचना प्रबिधि आयोगको (High Level ICT Commission) गठन:**

मधेश प्रदेशमा सुशासनलाई सुदृढ बनाउन सूचना प्रवाह, सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता, दक्षता र नागरिकमैत्री प्रणाली विकास आवश्यक छ। यसका लागि विज्ञहरु सम्मलित एउटा उच्चस्तरीय सुचना प्रबिधि आयोग (High Level ICT Commission) गठन गरी नीतिगत, प्राविधिक र संस्थागत मार्गदर्शन गर्ने तथा प्रदेशको लागि चाहिने आधुनिक सुचना प्रविधिमा आधारित आवश्यक उपक्रमहरूको पहिचान गरि त्यसको बिकास र कार्यान्वयन गर्न गराउनको लागि यस आयोगको आवश्यकता देखिन्छ। यसको लागि एउटा Steering Committee हुनुपर्ने जसको अध्यक्षता मुख्यमन्त्रीले गर्ने र सदस्यहरुमा सम्बिन्धित मन्त्रि एबम सचिवहरु हुने तथा यसको सदस्य सचिवको रुपमा आयोगको प्रमुख अधिकृतले काम गर्ने। यस आयोग को मुख्य कार्यक्षेत्र निम्नानुसार रहनेछ।

**आयोगका प्रमुख कार्यक्षेत्र (Scope of Work)**

**१. नीति निर्माण र सिफारिस**
- प्रदेश स्तरको ICT नीति, कानुन र रणनीति तयार गर्ने वा सिफारिस गर्ने।
- सुशासन, पारदर्शिता र नागरिक सेवामा ICT को भूमिकाबारे स्पष्ट खाका बनाउने।

**२. डिजिटल सेवा प्रवाह**
- प्रदेश तथा स्थानीय सरकारका सेवाहरूलाई e–Government प्रणाली मार्फत अनलाइन सेवामा रूपान्तरण गर्ने।
- नागरिकलाई सहज पहुँच हुने एकीकृत डिजिटल प्लेटफर्म विकास गर्ने।

**३. डाटा व्यवस्थापन र पारदर्शिता**
- प्रदेश र स्थानीय तहका लागि डाटा व्यवस्थापन तथा ओपन डाटा प्रणाली विकास गर्ने।
- सेवा प्रदायक निकायको कार्यसम्पादनलाई डिजिटल अनुगमन प्रणालीबाट पारदर्शी बनाउने।

**४. डिजिटल पूर्वाधार विकास**
- मधेश प्रदेशभर इन्टरनेट पहुँच, डाटा सेन्टर र साइबर सुरक्षा संरचना विकास गर्ने।
- ग्रामीण तथा सीमान्तकृत क्षेत्रमा ICT पहुँच विस्तार गर्ने।

**५. मानव संसाधन र क्षमता विकास**
- सरकारी कर्मचारीलाई ICT सीप तालिम प्रदान गर्ने।
- प्रदेशभित्रका शैक्षिक संस्थासँग सहकार्य गरी ICT दक्ष जनशक्ति उत्पादनमा सहयोग गर्ने।

**६. नागरिक सहभागिता र जवाफदेहिता**
- ICT प्रयोग गरी नागरिक गुनासो व्यवस्थापन प्रणाली (Grievance Redressal Mechanism) विकास गर्ने।
- सार्वजनिक परामर्श र निर्णय प्रक्रियामा डिजिटल सहभागिता बढाउने।

**७. नवप्रवर्तन र निजी क्षेत्र साझेदारी**
- ICT क्षेत्रमा Start–ups, Innovation Lab र PPP Model मार्फत निजी क्षेत्रलाई आकर्षित गर्ने।
- प्रदेशमा Smart City / Smart Village कार्यक्रमको अवधारणा अघि बढाउने।

**२ गुनासो व्यवस्थापन प्रणाली (Grievance Redressal Mechanism) को स्थापना एबम संचालन**

दस्तावेज, नियम, स्थानीय संस्था तथा सार्वजनिक सेवाप्रदायक निकायहरूबाट प्राप्त हुने आर्थिक तथा सामाजिक न्यायका लागि नागरिकका असन्तुष्टि, उजुरी, गुनासो, तिनको व्यवस्थापन र समाधान गर्न, सरोकारवालाहरूको सहभागिता, पारदर्शिता र जवाफदेहितासहित समयमै सेवा उपलब्ध गराउन, नागरिकलाई सरकारी सेवामा विश्वास, भरोसा, जवाफदेहिता तथा पारदर्शिताको वातावरण सृजना गर्न, स्थानीय तहमा उजुरी दर्ता गर्ने व्यवस्था गर्न, प्रदेश स्तरमा समेत उजुरी व्यवस्थापन र समन्वय गर्ने प्रणाली विकास गर्न, र ICT प्रयोगमार्फत एकीकृत गुनासो व्यवस्थापन प्रणाली लागू गर्न, "गुनासो व्यवस्थापन तथा समाधान कार्यविधि तयार पारि सोलाई आधार बनाई कार्य गर्ने।

नागरिक असन्तुष्टि, उजुरी तथा गुनासोलाई समयमै व्यवस्थापन तथा समाधान गर्ने, ICT आधारित गुनासो व्यवस्थापन प्रणाली (GRMS) कार्यान्वयन गर्ने, गुनासो व्यवस्थापन प्रणालीलाई संस्थागत गर्दै कानूनी तथा प्रक्रियागत आधारलाई सुदृढ बनाउने, नागरिकमैत्री उजुरी व्यवस्थापन संयन्त्र विकास गर्ने, सार्वजनिक सेवामा पारदर्शिता र जवाफदेहिताको वातावरण सृजना गर्ने आदि यस उपक्रमका उद्देश्यहरू (Objectives) छन्। त्यसै गरि यसलाई लागु गर्न केहि रणनितिको (Strategies) बारेमा पनि अध्ययन गर्नु पर्ने हुन्छ, जस्तै गुनासो दर्ता, अभिलेख, ट्र्याकिङ र समाधान गर्न एकीकृत सूचना प्रणाली विकास गर्ने, ICT प्रयोगद्वारा अनलाइन गुनासो व्यवस्थापन सफ्टवेयर कार्यान्वयन गर्ने, नागरिकलाई सजिलो हुने गरी बहुभाषिक, पहुँचयोग्य र पारदर्शी प्लेटफर्म बनाउने, मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन प्रणाली विकास गर्ने, उजुरी समाधानको समयसीमा तोकी जवाफदेहिता सुनिश्चित गर्ने, स्थानीय निकाय देखि प्रदेश तहसम्म एकीकृत समन्वय संयन्त्र विकास गर्ने आदि हुनसक्छन्।

**३ सार्बजनिक खरिद अनुगमन तथा लेखापरीक्षण (Public Procurement Monitoring & Audit)**

सुशासन स्थापित गर्न बजेटलाई जनजीवनमा प्रत्यक्ष परिणाममुखी रूपान्तरण गर्नसक्नु सबैभन्दा छोटो बाटो हो। बजेटको अधिकांश भाग सार्बजनिक खरिद मार्फत खर्च गरिन्छ। अर्थात पारदर्शिता, वित्तीय नियन्त्रण, दक्ष कर्मचारी, समावेशीकरण, र सहनशीलता जस्ता सुधारमार्फत मानव विकास र आर्थिक अवसरलाई गति दिन सकिन्छ जसले सुशासन कायम गर्न अती महत्वपूर्ण भूमिका खेल्दछ। नागरिकले निर्णय प्रक्रिया देख्न पाउने, सेवाको गुणस्तर अनुभव गर्ने र विश्वास बढ्ने अवस्थाले सुशासनलाई दिगो बनाउँछ।

त्यसर्थ, प्रदेशमा भएका सार्वजनिक खरिद कार्यको अनुगमन तथा लेखापरीक्षण अनिवार्य बनाउनुपर्छ किनकि यसले सुशासन, पारदर्शिता, गुणस्तर, आर्थिक अनुशासन सुनिश्चित गर्छ र अन्ततः जनविश्वास तथा विकास परिणामलाई मजबुत बनाउँछ। यसबाट पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सकिन्छ भने स्रोत र बजेटको सदुपयोग सुनिश्चित गर्छ। त्यसैगरी गुणस्तरीय सेवा र पूर्वाधार सुनिश्चित गर्न, दिगो विकास लक्ष्य सँग जोडिने, नागरिक विश्वास बढाउन सकिने, कानूनी शासन (Rule of Law) पालन गर्न मद्दत गर्ने र विकास योजना समयमै सम्पन्न गर्न उद्देश्य संग जोड्न सकिन्छ।

> मधेश प्रदेशको विकासका लागि सुशासन अनिवार्य पूर्वशर्तका रूपमा देखिन्छ। सुशासनका आधारभूत तत्वहरु– पारदर्शिता, जवाफदेहिता, सहभागिता, विधिको शासन, समानता, र कार्यक्षमता–को प्रभावकारी कार्यान्वयनबिना प्रदेशले दीगो विकासको लक्ष्य हासिल गर्न सक्दैन। साथै, मधेश प्रदेशको भौगोलिक, सांस्कृतिक र सामाजिक विशेषताका कारण सुशासनलाई सुदृढ बनाउन क्ष्ऋट आधारित प्रणाली, गुनासो व्यवस्थापन संयन्त्र, र सार्वजनिक खरिद अनुगमनजस्ता संस्थागत सुधारहरु आवश्यक छन्।

**निष्कर्ष (Conclusion)**

मधेश प्रदेशको विकासका लागि सुशासन अनिवार्य पूर्वशर्तका रूपमा देखिन्छ। सुशासनका आधारभूत तत्वहरू–पारदर्शिता, जवाफदेहिता, सहभागिता, विधिको शासन, समानता, र कार्यक्षमता–को प्रभावकारी कार्यान्वयनबिना प्रदेशले दीगो विकासको लक्ष्य हासिल गर्न सक्दैन। साथै, मधेश प्रदेशको भौगोलिक, सांस्कृतिक र सामाजिक विशेषताका कारण सुशासनलाई सुदृढ बनाउन ICT आधारित प्रणाली, गुनासो व्यवस्थापन संयन्त्र, र सार्वजनिक खरिद अनुगमनजस्ता संस्थागत सुधारहरू आवश्यक छन्। यसरी मात्र सेवा प्रवाहमा पारदर्शिता बढाउने, भ्रष्टाचार नियन्त्रण गर्ने र नागरिकलाई प्रत्यक्ष रूपमा उत्तरदायी शासन दिने सम्भव हुनेछ। यदि यी सुधारका प्रयासहरू योजनाबद्ध रूपमा अघि बढाइए भने मधेश प्रदेशले न केवल सुशासनको राम्रो अभ्यास गर्न सक्नेछ, बरु प्रदेशको दिगो विकास, नागरिकहरूको जीवनस्तर उकास्ने र संघीय गणतन्त्र नेपाललाई बलियो बनाउने दिशामा पनि महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

# पर्यटन पुनःउत्थानका लागि पहल गरिदिन गभर्नर पौडेलसँग परिषद्को आग्रह



गण्डकी । पोखरा पर्यटन परिषद्ले पर्यटन पुनःउत्थानका लागि पहल गरिदिन नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलसँग आग्रह गरेको छ।

परिषद्का अध्यक्ष तारानाथ पहारी नेतृत्वको टोलीले आइतबार काठमाडौँमा गभर्नर पौडेललाई ध्यानाकर्षणपत्र बुझाउँदै पर्यटन पुनःउत्थनानका लागि आवश्यक पहल गरिदिन आग्रह गरेको हो।

मुलुकमा पछिल्लो समय नयाँ पुस्ताले गरेको आन्दोलन र त्यसले ल्याएको परिवर्तन तथा अठोटको उच्च सम्मान गर्दै ध्यानाकर्षणपत्रमा आन्दोलनका क्रममा अवान्छित व्यक्ति तथा स्वार्थ प्रेरित समुहको कारण भएको सरकारी तथा निजी सम्पत्तिमाथिको तोडफोड, आगजनी तथा लुटपाटका घटनाप्रति दुःख व्यक्त गरिएको छ।

"पर्यटन व्यवसायको मुख्य यामको सुरूआत हुनै लाग्दा भएको यस घटनाबाट सबैभन्दा बढी असर यहाँका पर्यटन व्यवसायी तथा उद्योगीहरू माथि परेको छ", ध्यानाकर्षणपत्रमा भनिएको छ, "राज्यको आर्थिक विकासको प्रमुख आधारको रूपमा रहेको पर्यटन उद्योगमा हालै भएको घटनाबाट हरेक दिन पर्यटकहरूले आफ्ना भ्रमण प्याकेज तथा बुकिङ क्यान्सिल गरिरहेको अवस्था छ।"

करिब रु सात खर्बभन्दा बढी लगानी भइसकेको पर्यटन राजधानी पोखराको पर्यटन उद्योग देशको वर्तमान परिस्थितिको कारण यति बेला सुनसानजस्तै भएको परिषद्को दाबी छ।

विगतका भूकम्प, कोभिड-१९ जस्ता महामारीको अवस्थामा पनि पर्यटन उद्योगको पुनःउत्थानको लागि सबै तहका सरकारबाट विभिन्न प्याकेजहरू घोषणा गरिएको उल्लेख गर्दै परिषद्ले हालको बदलिँदो परिस्थितिमा पनि पर्यटन उद्योगलाई पुनःउत्थान गर्न आग्रह गरेको छ।

आन्दोलनको क्रममा व्यावसायिक प्रतिष्ठानहरू माथि गरिएको तोडफोड, आगजनी तथा लुटपाटका क्रममा पर्यटन व्यवसायीमा परेको क्षतिको समुचित क्षतिपूर्तिको व्यवस्था गरिदिन समेत परिषद्ले अनुरोध गरेको छ।

पछिल्लो पटक भएको प्रदर्शनपछि बुकिङ रद्द हुन थालेकाले समेत परिषद्को भनाइ छ। साथै अगामी फागुन २१ गतेका लागि निर्वाचन हुने भएकाले पर्यटक बढ्ने सम्भावना कम भएको उनीहरुको भनाइ छ। परिषद्ले व्यवसायीले बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जाको ब्याज तथा किस्ता भुक्तानीका लागि असोज मसान्त, पुस मसान्त र चैत मसान्तसम्म पनि असम्भव नै भएकाले सो किस्ता ब्याज तिर्ने म्याद कुनै शुल्क वा जरिवाना बिना थप गरिनुपर्ने माग गरेको छ।

आगामी छ महिनासम्म पर्यटन आगमन हुने नदेखिएकाले व्यवसाय सञ्चालनमा लागत आवश्यक हुने हुँदा छोटो समयका लागि भए पनि थप व्यवसाय सञ्चालन कर्जा उपलब्ध गराइदिनुपर्ने, पर्यटन उद्योगलाई दिइने कर्जाको किस्ता तिर्ने अवधि कम्तीमा २५ वर्षको हुने गरी कर्जाको पुनःसंरचना र पुनःतालिकीकरण गरिनुपर्ने परिषद्ले माग गरेको छ।

पर्यटन उद्योगको लागि लिएको कर्जामा रि फाइनान्सिङको सुविधा उपलब्ध गराइ दिनुपर्ने, साना तथा मझौला पर्यटन व्यवसायलाई पुनःउत्थान गर्नका लागि विगतमा व्यवस्था भएजस्तो रु १५ लाखसम्म कम्तीमा पाँच वर्षसम्मक लागि शून्य ब्याजदरमा व्यवसाय जीवनरक्षा कर्जा प्रदान गर्नुपर्ने आग्रह गरिएको छ।

पर्यटन उद्योगमा प्रदान गरिएको कर्जाको ब्याजदरलाई अझ न्यून सहुलियत दरमा प्रदान गरिनुपर्ने, पर्यटन उद्योग पनि अन्य उद्योगसरह मान्यता दिने निर्णयलाई कार्यान्वयन गरिनुपर्ने माग गरिएको छ।रासस

# 'सङ्कटको बेला न्यायालय बचाउनुपर्ने'

काठमाण्डु । सङ्कटमा परेको अवस्थामा न्यायालयलाई अझ बलियो बनाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।

संवैधानिक तथा न्यायिक पत्रकार मञ्चले आज आयोजना गरेको 'न्यायपालिकाः अस्तित्व रक्षाको सवाल' विषयक अन्तरक्रियामा गत भदौ २४ गतेको घटनाक्रमसँगै बदलिँदो परिस्थितिले निम्त्याएको चुनौतीलाई सामना गर्दै न्यायपालिकाई बलियो बनाउन सबै लाग्नुपर्नेमा जोड दिइएको हो।

विसं २०१३ मा प्रधान न्यायालयको स्थापना भएसँगै सर्वोच्च अदालत र आधुनिक न्याय व्यवस्थापन सुरुआत भएको थियो। विसं २०१९ मा तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद प्रधानले सर्वोच्च अदालतको भवनको उद्घाटन गरेर सञ्चालनमा आएको थियो। प्रदर्शनका क्रममा भएको आगजनीले उक्त भवनका साथै २६ हजारभन्दा बढी मुद्दाका मिसिल र महत्वपूर्ण एतिहासिक कागजात समेत जलेका छन्।

आगजनीको शिकार सर्वोच्च अदालतसहित उच्च, जिल्ला अदालत गरी २३ वटा अदालतका भवन भएका छन्। साथै महान्यायाधिवक्ता कार्यालयसहित देशभरका २५ वटा सरकारी वकिल कार्यालयमा पनि क्षति पुगेको जनाइएको छ।

**फाइल सुरक्षित छनः महान्यायाधिवक्ता भण्डारी**

महान्यायाधिवक्ता सविता भण्डारी बरालले महान्यायाधिवक्ता कार्यालयमा रहेका फाइलहरु सुरक्षित रहेको बताउनुभएको छ। "महान्यायाधिवक्ता कार्यालयमा रहेका मुद्दाका मिसिलहरु सुरक्षित छन्, सर्वोच्च अदालतलाई आवश्यक फाइलहरु सहयोग गर्न सक्छौँ", उहाँले भन्नुभयो, "न्यायपालिकाको गरिमा र रक्षाका लागि सरकारको कानुनी सल्लाहकारको हैसियतले पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु।"

उहाँले न्याय सम्पादन प्रक्रियामा अनावश्यक हस्तक्षेप गर्न नहुने र आजको बदलिँदो परिस्थितिमा न्यायपालिकामाथि देखा परेका प्रश्नहरुलाई समाधान गर्न संविधानको मर्म, कानुनी प्रक्रिया र लोकतान्त्रिक मूल्यमा आधारित भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

"न्यायपालिकालाई लयमा ल्याउन केही समय लाग्ला, यो घटनाले पनि अब हामी डिजिटलाइजेशनमा जानुपर्ने जरुरी देखिन्छ", उहाले भन्नुभयो। संविधानले सुनिश्चित गरेको स्वतन्त्र न्यायालय लोकतन्त्रको मेरुदण्ड भएको र न्यायपालिको अस्तित्व र यसको गरिमामाथि प्रश्न उठ्नु भनेको समग्र लोकतान्त्रिक शासन प्रणालीका लागि चुनौती भएको उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, "न्यायपालिकाको स्वतन्त्रता मात्र होइन, विश्वसनीयता, पारदर्शिता र उत्तरदायित्व पनि आजको आवश्यकता हो।"

महान्यायाधिवक्ताले जेलहरु तोडेर अपराधीको समूहले अदालत र सरकारी वकिलको कार्यालय तोडफोड गरेको दाबी गर्दै प्रदर्शनका क्रममा २५ वटा सरकारी वकिल कार्यालय जलेको बताउनुभयो।

**न्यायपालिकामा अकल्पनीय क्षति भयोः मुख्य रजिष्ट्रार पौडेल**

सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार विमल पौडेलले गत भदौ २४ गते न्यायालयमा भएको आगजनीका कारण अदालतमा अकल्पनीय क्षति भएको भए पनि न्यायको दीप मर्न नदिने प्रतिबद्धता जनाउनुभयो।

"न्यायपालिकामा अकल्पनीय क्षति भयो तर अपूरणीय होइन", उहाँले भन्नुभयो, "जस्तो परिस्थिति भए पनि न्यायको दीप मर्न दिँदैनौँ।" उहाँले सर्वोच्चसहित उच्च, जिल्ला अदालत गरी २३ वटा अदालतमा धैरै हदसम्म क्षति पुगेको तथा क्षति र मिसिलको आकलन दाँज्न सक्ने अवस्था नभएको बताउनुभयो।

मुख्य रजिष्ट्रार पौडेलले अहिलेको चुनौतीलाई अवसरमा बदलेर जानुपर्ने उल्लेख गर्दै २००९ सालदेखिका २०६२ सम्मका अभिलेख मिसिलहरु ध्वस्त भएको जानकारी दिनुभयो। "सर्वोच्च अदालतका स्थापनाका अभिलेख खोजेर अब भौतिक रुपमा भेटिँदैन, क्षतिको विश्लेषण गर्दा कारागारमा क्षति भए त्यो ठाउँमा अदालतमा क्षति भए", उहाँले भन्नुभयो, "यो भनेको अदालतप्रतिको प्रतिशोध कैदीबन्दीले साँधे, तर न्यायको दीप निभेको छैन।"

उहाँले अदालतको सेवा गत भदौ २९ गतेबाट नियमित सुरु गरेको र न्यूनतम सेवाका रुपमा बन्दीप्रत्यक्षीकरण सेवालाई सञ्चालन गरेको जानकारी दिँदै मिसिल प्राप्त गर्न काम चुनौती भएको बताउनुभयो।

मुख्य रजिष्ट्रार पौडेलले भन्नुभयो, "तीन हजार/बत्तीस सय जति सग्ला मिसिल भेटिएका छन्, अन्य मिसिलहरु बाँकीको प्राप्तिमा नेपाल बार, महान्यायाधिवक्तालगायतबाट प्राप्त हुने आशा छ, मिसिल वैधानिकता प्राप्त गर्ने खालको हुनुपर्छ।"

**निर्धारित मितिमै निर्वाचन नभएन संसद् पुनःस्थापना हुनुपर्छः अध्यक्ष मिश्रले**

नेपाल बार एसोसिएसनका अध्यक्ष प्रा डा विजय मिश्रले तोकिएको अवस्थामा निर्वाचन भएन भने संसद् पुनःस्थापना हुने बताउनुभएको छ। "अहिलेको सरकारले आगामी आगामी फागुन २१ गते निर्वाचन गर्ने कार्यदिशा लिएको छ, निर्वाचन स्वतन्त्र र सक्षम तोकिएको समयमै निर्वाचन हुन्छ", उहाँले भन्नुभयो, "यदि निर्वाचन भएन भने संविधानलाई सही मार्गमा ल्याउन संसद् पुनःस्थापना हुनुपर्छ, संसद् अहिले 'सिल्पिङ मोड'मा गएको छ, त्यो चुनाव भएन भने जागेर आउँछ, कानुन व्यवसायी र सञ्चारले यो सत्यलाई बोल्नुपर्छ।"

प्रदर्शनका क्रममा सर्वोच्च अदालत जलाइएको उल्लेख गर्दै उहाँले सर्वोच्च अदालतको भवनलाई सङ्ग्रहालय बनाउनुपर्ने सुझाव दिनुभयो। "वकिल स्वतन्त्रताका रक्षक हुन्", अध्यक्ष प्रा डा मिश्रले भन्नुभयो, "बारको भवन, भौतिक पूर्वाधार जति नष्ट गरे पनि कर्तव्य भुलेको छैन, न्यायपालिकामा अहङ्कारवादले अवसर नपाओस्, सेवा भावमा जाओस्, ६५ वर्षसम्म राज्यले सेवा गर्न सिन्दूर लगाइदिएको हो, त्यो पूरा गर्नुपर्छ, मिसिल खोज्ने विषयमा बारले पूर्णरुपमा सहयोग गर्छ।"

**न्यायालय उठ्नुपर्छः वरिष्ठ पत्रकार गाउले**

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष शिव गाउँलेले लोकतन्त्र र न्यायका लागि सङ्कटमा परेको न्यायालय उठ्नुपर्ने बताउनुभएको छ। "न्यायालय बलियो भएर उठ्नुपर्छ, न्यायालयमा आगो लागेर जलेर खरानी भएको छ, न्यायालय सङ्कटमा परेको छ", उहाँले भन्नुभयो, 'वाचडग'का रुपमा हेर्ने काम सञ्चारकर्मीको हो, सिङ्गो प्रणाली सङ्कटमा परेको बेलामा प्रश्न होइन, न्याय प्रणालीलाई बलियो बनाउन लाग्नुपर्छ।"

न्याय पर्खिरहेका मान्छेहरुको मनोबल र भावना गिर्न नदिने जिम्मेवारी सञ्चारकर्मीको पनि भएको उल्लेख गर्दै उहाँले सङ्कटको अवस्थामा न्याय प्रणालीलाई बलियो बनाउन सबै एकजुट हुनुपर्नेमा जोड दिनुभयो।

**पत्रकारसाग भएका सामग्री पनि अदालतलाई दिनुपर्छः अध्यक्ष झा**

राष्ट्रिय समाचार समिति (रासस)का अध्यक्ष धर्मेन्द्र झाले न्यायालयमा क्षति पुगेको अवस्थामा पत्रकारसँग भएको मिसिल पनि उपलब्ध गराउनुपर्ने बताउनुभयो। "अदालतको रिपोर्टिङ गर्ने क्रममा सञ्चारकर्मीलाई प्राप्त भएका कागजत्र अदालतलाई दिन सकिन्छ", उहाँले भन्नुभयो, "सर्वोच्च अदालत अभिलेख अदालत हो, यसलाई बलियो बनाउन सबैले सहयोग गर्नुपर्छ।"

अध्यक्ष झाले देशले एउटा नयाँ दिशा प्राप्त गरेको र देशलाई सही दिशामा डोऱ्याउनका लागि सबैले आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नुपर्ने भनाइ समेत राख्नुभयो।रासस



## प्रधानमन्त्रीसँग निजी क्षेत्रः
# 'हामी दुःखी छौँ तर हिम्मत हारेका छैनौँ, फेरि उठ्छौँ'

काठमाण्डु । जेनजी प्रदर्शनका क्रममा औद्योगिक तथा व्यापारिक प्रतिष्ठानमा भएको क्षतिप्रति निजी क्षेत्रले गहिरो दुःख व्यक्त गर्दै हार नमान्ने प्रतिबद्धता जनाएको छ।

प्रधानमन्त्री सुशीला कार्कीसँग आइतबार भएको छलफलका क्रममा निजी क्षेत्रका प्रतिनिधिहरुले आफूहरू थप सबल भएर अघि बढ्ने विश्वास व्यक्त गरेका छन्। नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले तोडफोड र आगजनीका कारण निजी क्षेत्रले ठूलो धक्का खेपेको बताउनुभयो।

"प्रारम्भिक अनुमानअनुसार रु ८० अर्बदेखि रु एक खर्बसम्मको क्षति भएको छ। यद्यपि हामी निराश भएर बस्दैनौँ, फेरि उठ्छौँ", अध्यक्ष ढकालले भन्नुभयो। विसं २०४६ यता कुनै पनि सरकारले निजी क्षेत्रको वास्तविक आवश्यकता र पीडा बुझ्न नसकेको उहाँले टिप्पणी गर्नुभयो।

"राजनीतिक दल र सर्वसाधारणले हेर्ने दृष्टिकोण अझै पनि सुधारिएको छैन। हामीलाई केवल नाफा कमाउने प्रवृत्तिका रूपमा होइन, रोजगारी सिर्जना गर्ने, उत्पादन बढाउने र अर्थतन्त्रलाई सबल बनाउने क्षेत्रका रूपमा बुझ्नुपर्छ", अध्यक्ष ढकालले भन्नुभयो। उहाँका अनुसार हरेक आन्दोलनमा व्यावसायिक प्रतिष्ठानलाई लक्षित गरी तोडफोड र आगजनी हुने गरेको छ। यसपटकको आन्दोलनका क्रममा जेनजी अभियानसँग जोडिएका व्यक्तिहरु नभई अरुले लुटपाट र आगजनी गरेको हुनसक्ने उहाँले आशङ्का व्यक्त गर्नुभयो।

"यो केबल आन्दोलनकै प्रभाव होइन, नियतबस गरिएको लुटपाट र आगजनी हो। यस्ता कार्यमा संलग्नलाई अनुसन्धान गरेर तत्काल कारबाहीको दायरामा ल्याउनुपर्छ", अध्यक्ष ढकालले भन्नुभयो।

महासङ्घले हालको घटनाले निजी क्षेत्रलाई 'शून्य' बनाइदिएको उल्लेख गर्दै राज्यले तत्काल ठोस कदम चाल्नुपर्ने माग राखेको छ। साथै, व्यवसायीहरूले संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर) सम्बन्धी कानुनी प्रावधानलाई व्यावहारिक बनाउनुपर्नेमा जोड दिएका छन्। "गत वर्षमात्रै बैंक तथा वित्तीय संस्थाले करिब ७० अर्ब रुपैयाँ खर्च गरेका छन्। तर खर्च गर्ने क्षेत्रमा अनावश्यक प्रतिबन्धका कारण वास्तविक आवश्यकतामा लगानी गर्न सकिएको छैन। अब सुरक्षा क्षेत्रमै पनि सिएसआर खर्च गर्न सकिने व्यवस्था मिलाउनुपर्छ", अध्यक्ष ढकालले भन्नुभयो।



छलफलका क्रममा नेपाल उद्योग परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले राजनीतिक परिवर्तनका लागि भएका आन्दोलनका प्रत्येक चरणमा निजी क्षेत्र सबैभन्दा बढी मारमा पर्ने गरेको उल्लेख गर्नुभयो। "हरेक आन्दोलनमा निजी क्षेत्रले ठूलो क्षति व्यहोर्छ। तर क्षति पुऱ्याउनेलाई कानुनी दायरामा ल्याउने प्रावधान अझै प्रभावकारी बनेको छैन। यस्तो अवस्थामा निजी क्षेत्रको मनोबल बढाउन विशेष सहुलियत र सहुलियतपूर्ण कर्जाको व्यवस्था आवश्यक छ", उहाँले भन्नुभयो।

अध्यक्ष पाण्डेले क्षतिको क्षतिपूर्ति सहज बनाउन बिमा भुक्तानी प्रणालीलाई चुस्त बनाउनुपर्नेमा पनि जोड दिनुभयो। निजी क्षेत्रका लागि लक्षित गरी सरकारले अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन रणनीति तयार पारी अघि बढ्नुपर्ने तथा सुशासन र सार्वजनिक सुरक्षाको प्रत्याभूति हुनुपर्ने उहाँको भनाइ थियो।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घका अध्यक्ष उमेश सिंहले हाल देशभर करिब साढे नौ लाख लघु र साना उद्योग रहेको जानकारी दिदै तीमध्ये पाँच लाखजति उद्योग अझै नवीकरण हुन नसकेको बताउनुभयो। त्यस्ता उद्योगलाई नवीकरणका लागि छुट सुविधा दिन उहाँले माग गर्नुभयो।

"नवीकरण हुन नसकेका साना र मझौला उद्योगलाई एकपटकका लागि नवीकरण शुल्कमा छुट दिनुपर्छ। अहिले पनि ठूलो सङ्ख्यामा उद्योग अनौपचारिक रूपमा सञ्चालनमा छन्। राज्यले सहुलियत दिए तिनको दर्ता र नवीकरण सहज हुन्छ", अध्यक्ष सिंहले भन्नुभयो। उद्योग-व्यवसाय सञ्चालनका लागि आर्थिक रूपमा सबल हुनुपर्ने औँल्याउँदै उहाँले बिमाको दायरा बढाउनुपर्ने सुझाव दिनुभयो।

"हरेक कठिनाइमा निजी क्षेत्र सरकारसँगै उभिएको छ। हामीले सङ्कटमा पनि सरकारलाई सहयोग गरेका छौँ। तर अब सरकारले पनि घरेलु, लघु र साना उद्योगलाई ठूला उद्योगजस्तै दृष्टिकोणले मात्र नभई छुट्टै प्राथमिकता दिएर कर्जा, ब्याजदर र सहुलियतका सुविधा दिनुपर्छ", उहाँले भन्नुभयो। साना उद्योगलाई लक्षित नीतिगत कार्यक्रम ल्याउनसके रोजगारी सिर्जना र स्थानीय उत्पादन वृद्धि दुवैमा योगदान पुग्ने अध्यक्ष सिंहले विश्वास व्यक्त गर्नुभयो।

नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेश अग्रवालले उद्योग-व्यवसायमा आक्रमण हुनु दुःखद् भएको बताउँदै सम्पत्तिको सुरक्षा र लगानीमा विश्वास जगाउन सरकारले विशेष एकीकृत सुरक्षा योजना ल्याउनुपर्ने बताउनुभयो। अहिलेको अवस्थाले लगानीकर्ता मात्र नभई उद्यमीहरूको मनोबलमा पनि ठूलो चोट पुगेको उहाँको भनाइ थियो। अध्यक्ष अग्रवालले आयकर र मूल्य अभिवृद्धि कर (भ्याट) मा छुट दिनुपर्ने, सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्नुपर्ने र युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्न 'एकीकृत आर्थिक योजना' आवश्यक रहेको बताउनुभयो।

निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले हालको आन्दोलनलाई निराशा र भ्रष्टाचारविरुद्धको प्रतिक्रियाका रुपमा चित्रित गर्नुहुँदै अहिलेको सरकारले निर्वाचनसँगै भ्रष्टाचारमुक्त नेपाल निर्माणका लागि पहल गर्नुपर्ने बताउनुभयो। अहिलेको बजेटमा परेका केही योजना खारेज गरेर स्रोत पहिचान गर्ने अर्थमन्त्रीको योजना सकारात्मक रहेको उल्लेख गर्दै उहाँले उपभोक्ता समिति खारेज गरिनुपर्ने सुझावसमेत दिनुभयो।रासस

> "यो केबल आन्दोलनकै प्रभाव होइन, नियतबस गरिएको लुटपाट र आगजनी हो। यस्ता कार्यमा संलग्नलाई अनुसन्धान गरेर तत्काल कारबाहीको दायरामा ल्याउनुपर्छ"

# मन्त्री घिसिङ र भारतीय राजदूतबीच विद्युत् निर्यातलगायतमा छलफल

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइ कुलमान घिसिङ र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवबीच भेटवार्ता भएको छ।

सिंहदरबारस्थित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा भएको भेटमा नवनियुक्त मन्त्री घिसिङलाई भारतीय राजदूत श्रीवास्तवले बधाई दिनुका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो।



भेटमा नेपाल-भारत ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रका सहकार्य, भारतीय सहायतामा निर्माणाधीन आयोजनाको प्रगतिका विषयमा छलफल भएको मन्त्री घिसिङको सचिवालयले जनाएको छ।

त्यस अवसरमा उहाँहरुबीच ऊर्जा तथा जलस्रोत क्षेत्रका द्विपक्षीय संयन्त्रको बैठक आयोजना गर्ने, महाकाली सिँचाइ (तेस्रो चरण)को नहरबाट नेपालतर्फ पानी पठाउने, भारतीय सहायतामा निर्माणाधीन राहुघाट जलविद्युत् आयोजनाको प्रगति, इनरुवा-पूर्णिय र न्यू लम्की-बरेली ४०० केभी अन्तरदेशीय प्रसारण लाइनको निर्माण, नेपालबाट भारततर्फ थप विद्युत् निर्यातको स्वीकृतिलगायतका विषयमा छलफल भएको थियो।

मन्त्री घिसिङलेले दसैँ तिहारमा उद्योग कलकारखाना बन्द हुँदा आन्तरिक रुपमा विद्युत् खपत घट्ने भएकाले थप विद्युत् निर्यातका लागि स्वीकृति दिन आग्रह गरिएको बताउनुभयो।

अहिले नेपालले बङ्गलादेशसहित भारततर्फ ११६५ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति पाएको छ। थप चार आयोजनाको १३८ मेगावाट निर्यातका स्वीकृतिका लागि भार तसमक्ष प्रस्ताव पेस गरिएको छ। इनरुवा-पूर्णिय र न्यू लम्की-बरेली ४०० केभी अन्तरदेशीय प्रसारण लाइनको भारततर्फको अध्ययन सम्पन्न भएको भेटमा जानकारी गराइएको थियो। जेनजीको आन्दोलनका कारण क्षति पुगेका संरचना पुनर्निर्माणमा आवश्यक परेमा सहयोग गर्न भारत तयार रहेको राजदूत श्रीवास्तवबाट जानकारी गराइएको थियो।

भेटमा मन्त्रालयका सचिव सरिता दवाडी, मन्त्रालयका सहसचिवहरु चिरञ्जीवी चटौत, सन्दीपकुमार देव, परराष्ट्र मन्त्रालय दक्षिण एसिया महाशाखाका शाखा अधिकृत प्रतीक कार्कीको उपस्थिति थियो।रासस

# निर्वाचन कार्यमा सरकारलाई सहयोग गर्ने समितिको प्रतिबद्धता

काठमाण्डु । राष्ट्रियसभा, विकास, आर्थिक मामिला तथा सुशासन समितिले देशमा उत्पन्न परिस्थितिका बीच घोषणा गरिएको निर्वाचन कार्यमा सरकारलाई सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

समितिको आइतबारको बैठकमा 'जेनजी' को आह्वानमा देशमा भएका घटनाबारे सदस्यहरूले आ-आफ्ना धारणा राख्नुभएको थियो। देशमा नयाँ सरकारले निर्वाचन केन्द्रित गतिविधि बढाएकामा त्यसमा सहयोग पुऱ्याउन आवश्यक छलफल र परामर्श गरी सेवा प्रवाहमा सरलता तथा सहजता ल्याउन सहयोग पुऱ्याउने समितिले प्रतिबद्धता व्यक्त गरेको हो।

यस्तै, जेनजी आन्दोलका क्रममा दिवङ्गत भएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेको छभने घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ।

समितिले आगामी निर्वाचनअघि गर्नुपर्ने पुनःनिर्माण कार्यमा सरकारसँग नजिक रही आवश्यक परामर्श गरी सहयोग पुऱ्याउने प्रतिबद्धता जाहेर गरेको सङ्घीय संसद् सचिवालयका सचिव डा रोजनाथ पाण्डेले जानकारी दिनुभयो।

बैठकले गत आर्थिक वर्षभरि गरेको कामकारबाहीको समीक्षा गर्दै वार्षिक प्रतिवेदनलाई सुझावसहित पारित गरेको छ। राष्ट्रियसभाको आगामी अधिवेशनमा उक्त प्रतिवेदन पेस गर्ने निर्णय गरिएको सचिव डा पाण्डेले बताउनुभयो।रासस

# फिलिपिन्समा बाढी नियन्त्रण भ्रष्टाचारकाण्डविरुद्ध ठूलो प्रदर्शन

एपी

मनिला ।सांसद, अधिकारी र व्यवसायीहरू संलग्न भएको भनिएको बाढी नियन्त्रण परियोजनाको ठूलो घुसघोरी प्रकरणले आक्रोश बढेपछि आइतबार हजारौँ प्रदर्शनकारीहरू फिलिपिन्सको राजधानी मनिलामा सडकमा उत्रिएका छन् ।

हिंसा रोक्न प्रहरी र सेनालाई सतर्क पारिएको थियो । ऐतिहासिक मनिला पार्क र राजधानी क्षेत्रको इड्सा राजमार्ग नजिक लोकतन्त्र स्मारक वरिपरि छुट्टै प्रदर्शनस्थलहरूमा सुरक्षाका लागि हजारौँ प्रहरी तैनाथ गरिएको थियो । आयोजकहरूले यसलाई हालका वर्षहरूमा भ्रष्टाचारविरोधी सबैभन्दा ठूलो प्रदर्शन बन्ने अपेक्षा राखेका छन् ।




संयुक्त राज्य अमेरिका र अस्ट्रेलियाका दूतावासहरूले आफ्ना नागरिकलाई प्रदर्शन क्षेत्रबाट टाढा रहन सचेत गराएका छन् ।प्रदर्शनकारीहरूले फिलिपिन्सको झण्डा बोके र ‘ अब छैन, धेरै, तिनीहरूलाई जेलमा हाल’ भन्ने नारासहितका ब्यानर देखाउँदै दोषीहरूलाई तत्काल कारबाही गर्न माग गरेका छन् ।

विद्यार्थी नेत्री अल्थिया ट्रिनिडाडले भन्नुभयो, “हामी गरिबीमा डुबिरहेका छौँ, तर उनीहरूले हाम्रो करबाट भाग्य कमाएर लक्जरी कार, विदेश यात्रामा खर्च गर्छन् । हामी यस्तो प्रणाली अन्त्य चाहन्छौँ ।” उहाँले आफू बस्ने बाढीग्रस्त बुलाकान प्रान्तमा धेरै परियोजना खराब गुणस्तर वा अस्तित्वहीन भएको अनुसन्धान भइरहेको पनि बताउनुभयो ।

फिलिपिन्स क्याथोलिक बिशप्स कन्फरेन्सका प्रमुख कार्डिनल पाब्लो भर्जिलियो डेभिडले शान्तिपूर्ण विरोधको आग्रह गर्दै ‘हाम्रो उद्देश्य अस्थिरता होइन, लोकतन्त्रलाई बलियो बनाउन हो’ भन्नुभयो । आयोजकहरूले राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरलाई राजीनामा दिन माग नगरी भ्रष्ट सांसद, अधिकारी र ठेकेदारलाई मात्र निशाना बनाइने बताएका छन् ।

मार्कोसले यसै वर्षको वार्षिक राष्ट्र सम्बोधनमा काण्डको खुलासा गर्नुभएको थियो । उहाँले सन् २०२२ पछि सुरु भएका नौ हजार आठ सय ५५ बाढी नियन्त्रण परियोजनामध्ये धेरैमा पाँच खर्ब ४५ अर्ब पेसो (नौ अर्ब ५० करोड डलर) बराबरको अनियमितता भएको भन्दै स्वतन्त्र आयोग गठन गर्नुभएको थियो । उहाँले भ्रष्टाचारलाई ‘भयानक’ भन्दै निर्माण मन्त्रीको राजीनामा समेत स्वीकार गर्नुभएको थियो ।

मिडियामा धनी दम्पती सारा र प्यासिफो डिस्कायाले आफ्ना दर्जनौँ लक्जरी कार र एसयुभी प्रदर्शन गरेपछि जनआक्रोश चर्किएको थियो । उनीहरूले चार करोड २० लाख पेसो (सात लाख ३७ हजार डलर) बराबरको ब्रिटिस लक्जरी कार किन्दा निःशुल्क छाता पाएको भन्दै देखाएका थिए ।सिनेट सुनुवाइमा दम्पतीले कम्तीमा १७ सांसद र उच्च अधिकारीलाई ठेक्का दिलाउन ठूलो किकब्याक तिर्न बाध्य पारिएको खुलासा गरेका थिए । छुट्टै अनुसन्धानमा दुईजना प्रमुख सिनेटरलाई पनि एक पूर्व इन्जिनियरले फसाएका छन् । नाम लिइएकाले सबैले आरोप अस्वीकार गरे पनि धेरैजना अनुसन्धानको दायरामा परेका छन् ।

दुवै सदनमा सांसदहरू फस्दा सिनेट अध्यक्ष फ्रान्सिस एस्कुडेरो र सभामुख मार्टिन रोमाल्डेजले राजीनामा दिनुभएको छ । भ्रष्टाचारमा संलग्न कम्तीमा तीन इन्जिनियर बर्खास्त भएका छन् भने १५ जनामाथि थप अनुसन्धान भइरहेको छ । सबैले आपराधिक मुद्दा सामना गर्नेछन् र उनीहरूको सम्पत्ति, घर, कार र बैंक खाता फ्रिज गरिने जनाइएको छ ।

# नेपालका चार खेलाडीले विश्व ‘माउन्टेन’ र ‘ट्रेल रन च्याम्पियनसिप’ खेल्ने

काठमाण्डु । नेपालका चार खेलाडीले स्पेनमा हुने तेस्रो संस्करणको विश्व ‘माउन्टेन’ र ‘ट्रेल रन च्याम्पियनसिप’ खेल्ने भएका छन् । विश्व एथलेटिक्सले आयोजना गर्न लागेको उक्त प्रतियोगितामा नेपालबाट सुमन कुलुङ, साङ्गे शेर्पा, मनकुमार रोका र सुनमाया बुढाले चुनौती पेस गर्ने भएका हुन् ।

स्पेनको क्यान फ्रान्कमा हुने प्रतियोगिता सेप्टेम्बर २४ देखि २९ तारिकसम्म सञ्चालन हुँदैछ । प्रवेशाज्ञाका कारण पूरा टिम सहभागी हुन नपाए पनि नेपालबाट सबैभन्दा माथिल्लो वरियताका ट्रेल रनरले विश्वस्तरीय प्रतियोगितामा देशको प्रतिनिधित्व गर्न लागेका हुन् ।


कुलुङ एसिया वरियताका एक नम्बर खेलाडी हुन् भने महिलातर्फ नेपाल नम्बर एक खेलाडी सुनमाया बुढा एसिया वरियताकी तेस्रो नम्बरकी खेलाडी हुन् । चारै जना खेलाडीले सिङ्गल लामो दूरीको ट्रेल रनमा प्रतिस्पर्धा गर्नेछन् ।

टोली व्यवस्थापक प्रिती खत्रीले अन्तरराष्ट्रिय मापदण्डअनुसार खेलाडी छनोट गरिएको बताउनुभयो । जहाँ पुरुष खेलाडीका लागि योग्यता हासिल गर्न ८६० भन्दा बढी आइटीआरए स्कोर आवश्यक थियो।

# संविधान जारी भएको १० वर्षमा खेलकुदका उपलब्धि

काठमाण्डु । नेपालको संविधान २०७२ मा खेलकुदलाई राष्ट्रिय एकताको माध्यम र अन्तरराष्ट्रिय सम्मान अभिवृद्धिको आधार बनाउने व्यवस्था गरिएको छ ।

मुलुकमा गणतन्त्रको बहाली भएपछि जारी भएको संविधानको भाग ४ को दफा ५१ मा सामाजिक न्याय र समावशीकरणसम्बन्धी नीतिमा खेलसम्बन्धी व्यवस्था गरिएको हो । मुलुकमा स्वस्थ्य र र अनुशासित नागरिक सृजना गर्नका लागि खेलकुद महत्वपूर्ण माध्यम मान्न सकिन्छ । राष्ट्रिय एकता प्रवर्द्धनका लागि खेलकुदले यथोचित भूमिका खेल्ने गर्दछ । नेपालमा गणतान्त्रिक राजनीतिक व्यवस्था लागू भइसकेपछि नेपाली खेलकुद क्षेत्रलाई समयसापेक्ष अघि बढाउने प्रयास भएका छन् भने नेपाली खेलकुद क्षेत्रका साङ्गठनिक ढाँचामा पनि सापेक्ष सुधार गरिएका छन् ।



### सातै प्रदेशमा खेलकुद परिषद्

विगतमा केन्द्रमा रहेको राष्ट्रिय खेलकुद परिषद्लाई नेपालमा गणतन्त्र लागू भएपछि प्रदेशस्तरमासमेत व्यवस्था गरिएको छ । सातै प्रदेशमा रहेका प्रदेश खेलकुद परिषदले आफ्नो प्रदेशमा खेलकुद क्षेत्रको समग्र विकासका लागि कार्य गर्दै आइरहेका छन् । विगत १० वर्षमा विभिन्न प्रदेशमा स्थानीय, जिल्ला, प्रदेशका साथै राष्ट्रिय र कुनै प्रदेशमा त अन्तरराष्ट्रियस्तरका प्रतियोगितासमेत आयोजना भएका छन् ।

यस्तै खेलकुद पूर्वाधार निर्माणका सन्दर्भमा पनि विभिन्न प्रदेशमा केही उल्लेखनीय कार्य भएका छन् । सातै प्रदेशमा युवा तथा खेलकुद मन्त्रालयको व्यवस्था भएको हुनाले प्रदेशमा खेलकुदका गतिविधिका लागि आवश्यक योजना तर्जुमा तथा बजेट विनियोजनका लागि सहज भएको छ । प्रत्येक प्रदेशअन्तर्गत जिल्लास्तरमा जिल्ला खेलकुद विकास समितिको व्यवस्था गरिएको छ । प्रदेशस्तरमा खेलकुद परिषद् विस्तार गरिएपछि खेलकुद गतिविधिमा विस्तार भएका भई स्थानीय प्रतिभाशाली खेलाडीको सहभागिता बढ्दै गएको छ ।

### भौतिक उपलब्धि

नेपालमा १० वर्षको अवधिमा खेलकुद क्षेत्रमा विभिन्न भौतिक पूर्वाधारको निर्माण भएका छन् । पछिल्लो पटक काठमाडौँको कीर्तिपुरस्थित क्रिकेट रङ्गशालाको स्तरोन्नतिले मैदानस्तरीय हुनुका साथै दर्शकको सिट क्षमता बढ्ने तथा राति पनि फ्लडलाइटको प्रकाशमा क्रिकेट प्रतियोगिता हुनसक्ने भएको छ । मूलपानीमा बनेको क्रिकेट मैदानमा पनि अन्तरराष्ट्रिय प्रतियोगितासमेत आयोजना भइसकेको छ । राजधानी बाहिर पोखरा, विराटनगरलगायत स्थानमा अन्तरराष्ट्रिय प्रतियोगिताहरु आयोजना भएका छन् । बहुप्रतिक्षित १०औँ राष्ट्रिय खेलकुद आयोजनाका लागि कर्णाली प्रदेशका विभिन्न जिल्लामा रङ्गशाला तथा कभर्डहलको मर्मतसम्भार गरी तयारी अवस्थामा राखिएको छ ।

यसबाहेक अन्य विभिन्न स्थानमा फुटबल, क्रिकेटलगायतका खेलका लागि रङ्गशाला तथा कभर्डहल निर्माण तथा मर्मतसम्भारका लागि सरकारले लगानी गरेको छ । तर सरकारको वार्षिक बजेटमा खेलकुदको भौतिक क्षेत्रका लागि लगानी यथोचित मात्रामा हुन सकेको छैन । नेपालका पुराना रङ्गशालालाई अन्तरराष्ट्रिय मापदण्डअनुसारको बनाउन आवश्यक पहल हुनु जरुरी देखिएको छ । सातै प्रदेशमा प्रादेशिक रङ्गशालाको अवधारणा पनि आजको आवश्यकता महसुस गरिएको छ । राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत मुलुकका विभिन्न रहेका हजारौँ रोपनी जमिनको संरक्षणका लागि पनि खेलकुदका निकायको सक्रियता अपेक्षित मानिएको छ ।

### दुई सय पदक

एउटै प्रतियोगितामा २०० भन्दाबढी पदक यो आश्चर्यजनक प्रसङ्ग हो । नेपालले यो १० वर्षकै अवधिमा एकै प्रतियोगितामा प्रतिस्पर्धा गरेर कूल २०६ पदक जितेको थियो । सन् २०१९ मा काठमाडौँ र पोखरामा आयोजित १३औं दक्षिण एशियाली खेलकुदमा नेपालले ५१ वटा स्वर्णपदक जितेर पदक तालिकामा दोस्रो बन्न सफल भएको थियो । नेपालले ६० रजत तथा ९७ वटा कास्यपदक पनि जितेको थियो । नेपालले एउटै प्रतियोगितामा यसरी यति धेरै सङ्ख्यामा पदक यसअघि जितेको थिएन ।

नेपालले हालसम्म दक्षिण एशियाली खेलकुद प्रतियोगिता तीन पटक आयोजना गरिसकेको छ । सन् १९८४ मा नेपालबाटै सुरु भएको उक्त खेलकुद सन् १९९९ मा दोस्रोपटक आयोजना गरिएको थियो । सन् २०१९ मा काठमाडौँ तथा पोखरामा आयोजित १३औँ दक्षिण एशियाली खेलकुद नेपालको तेस्रो आयोजना थियो ।

### ओलम्पिकको पहिलो पदक

नेपालको खेलकुद इतिहासमा सबैभन्दा महत्वपूर्ण पदक तेक्वान्दो खेलाडी पलेशा गोवर्द्धनले जित्न सफल हुनुभएको थियो । उहाँले पहिलोपटक पारा ओलम्पिकमा ऐतिहासिक कास्यपदक प्राप्त गरी सम्पूर्ण नेपालीलाई गौरवान्वित बनाउनुभएको थियो । फ्रान्सको राजधानी पेरिसमा सन् २०२४ मा सम्पन्न पारा ओलम्पिकमा पलेशाले मुलुकका लागि उक्त महत्वपूर्ण पदक जित्नु भएको थियो ।

सन् १९६४ देखि नेपालले ओलम्पिकमा सहभागिता जनाउँदै आएको भए तापनि हालसम्म कुनै पदक प्राप्त भएको थिएन । सन् १९८८ मा दक्षिण कोरियाको राजधानी सियोलमा भएको ओलम्पिकमा नेपालका तर्फबाट तेक्वान्दो खेलाडी विधान लामाले कास्यपदक जिते तापनि त्यतिखेर उक्त खेल प्रदर्शन खेलका रुपमा समावेश गरिएकाले नेपाल पदक तालिकामा अङ्कित हुनबाट बञ्चित हुन पुगेको थियो । तर नेपालको ओलम्पिकमा छ दशकको सहभागिता तथा पारा ओलम्पिकमा दुई दशकको यात्रापछि पेरिसमा पदक जितेर पलेशाले नेपालमा सरकारद्वारा व्यवस्था गरिएको रु ६५ लाखको पुरस्कार समेत पहिलोपटक प्राप्त गर्न सफल हुनुभएको थियो । यसअघि चीनको होङझावमा सन् २०२२ भएको चौथो एशियाली पारा खेलकुदमा पनि पलेशाले कास्यपदक जित्नु भएको थियो ।

### करातेको कमाल

नेपालकी कराते खेलाडी एरिका गुरुङले चीनको होङझावमा भएको १९औँ एशियाली खेलकुदमा जित्नुभएको रजत पदक गणतान्त्रिक नेपालको उपलब्धि बन्न पुगेको थियो । उक्त पदक नेपालले एशियाली खेलकुदको करातेमा जितेको पहिलो रजत पदक थियो। यसअघि सन् १९९८ मा थाइल्याण्डको राजधानी बैंककमा नेपाली तेक्वान्दो खेलाडी सविता राजभण्डारीले एशियाली खेलकुदमा पहिलो रजत पदक जित्नु भएको थियो । एरिकाले विभिन्न अन्तरराष्ट्रिय प्रतियोगितामा पनि मुलुकका लागि विभिन्न पदक दिलाएर गौरवान्वित बनाउँदै आउनुभएको छ ।

कराते, तेक्वान्दो, उसुलगायतका मार्सल आर्टलगायत अन्य विभिन्न खेलमा प्राप्त भएका अन्तरराष्ट्रिय पदक पनि उपलब्धिमूलक मानिएको छ । होङझाव एशियाली खेलकुदमा नेपाली महिला कबड्डी टिमले जितेको पहिलो कास्य पदक पनि ठूलै उपलब्धि मान्न सकिन्छ । नेपालले भारतको नयाँदिल्लीमा आयोजित खोखो खेलको विश्वकपको महिला तथा पुरुष दुवै इभेन्टसमा उपविजेताको उपाधि उचालेर कीर्तिमान कायम गरेको थियो ।

### क्रिकेटको करामत

मुलुकमा गणतन्त्रको आगमनपछि नेपालले क्रिकेट खेलमा महत्वपूर्ण उपलब्धि हासिल गर्दै आइरहेको छ । नेपाललाई छोटै समयमा विश्वस्तरमा चिनाउन नेपाली खेलाडीहरुले प्रशंसनीय योगदान गरेका छन् । दश वर्षको उपलब्धिको चर्चा गर्दा नेपालको पुरुष टिमले सन् २०१४ मा बङ्गलादेशमा आइसिसी विश्व टि ट्वान्टी क्रिकेटमा पहिलोपटक सहभागिता जनाएको थियो भने त्यसपछि नेपाली क्रिकेट खेलाडीहरुले अन्य विभिन्न महत्वपूर्ण प्रतियोगिताहरु खेलेर मुलुकको उपस्थिति बलियो बनाउँदै आएका छन् । नेपालले सन् २०१८ मा आइसिसी वल्डकप छनोटमा उत्कृष्ट प्रदर्शन गरेर ओडिआइको मान्यता पाएको थियो ।

> सातै प्रदेशमा रहेका प्रदेश खेलकुद परिषदले आफ्नो प्रदेशमा खेलकुद क्षेत्रको समग्र विकासका लागि कार्य गर्दै आइरहेका छन् । विगत १० वर्षमा विभिन्न प्रदेशमा स्थानीय, जिल्ला, प्रदेशका साथै राष्ट्रिय र कुनै प्रदेशमा त अन्तरराष्ट्रियस्तरका प्रतियोगितासमेत आयोजना भएका छन् ।

नेपाली टिमले सन् २०२३ जिम्बाबेमा भएको आइसिसी विश्वकप क्वालिफायर्समा आफ्नो सशक्त उपस्थिति देखाएको थियो । एशियास्तरको उपलब्धि नियाल्दा नेपालले सन् २०२३ को एशिया कपमा पहिलोपटक छनोट भएर भारत र पाकिस्तानजस्ता टेष्ट म्याच खेल्ने राष्ट्रसँग खेलेर इतिहास रचेको थियो । नेपालले आइसिसी क्रिकेट विश्वकप लिग दुईमा उत्कृष्ट प्रदर्शन गरेर ओडिआइ दर्जा सुरक्षित गर्न सफल भएको थियो । नेपाली क्रिकेट टिम अहिले दक्षिण एशियाको उदाउँदो टिम मानएको छ । सन् २०२४ मा टी ट्वान्टी विश्वकप खेलेको नेपाल अब सन् २०२६ मा तेस्रोपटक विश्वकपमा प्रतिस्पर्धा गर्न यही अक्टोबरमा हुने छनोटका लागि प्रतिस्पर्धा गर्दैछ ।

### महिला टिमको सफलता

नेपाली महिला क्रिकेट टिमले पहिलोपटक ट्वान्टी ट्वान्टी विश्वकप छनोटमा स्थान बनाउनु पनि मुलुकका लागि ठूलो उपलब्धि हो । नेपालले थाइल्याण्डको राजधानी बैंककमा एशियाको क्षेत्रीय छनोटअन्तर्गत सुपर थ्रीमा नेपालले यो महत्वपूर्ण अवसर हासिल गरेको थियो । नेपाली महिला राष्ट्रिय क्रिकेट टिमले मुलुकलाई विभिन्न पटक सफलता दिलाउँदै आइरहेको छ । एसिसी प्रतियोगितामा लगातार उत्कृष्ट प्रदर्शन गर्न सफल नेपाली महिला टिमले दक्षिण एशियाली खेलकुदअन्तर्गत सन् २०१९ मा रजत पदक पाएको थियो । नेपाल महिला टिमले टि ट्वान्टी विश्वकप छनोटमा सहभागिता जनाउँदै आइरहेको छ ।

### फुटबलको गोल

नेपालले १० वर्षको अवधिमा फुटबल खेलमा पनि केही महत्वपूर्ण सफलता हासिल गरेको थियो । सन् २०१५ मा साफ यु नाइट्टिन च्याम्पियनसीप, बङ्गबन्धुकप, एएफसी सोलिड्यारिटीकप, सन् २०१६ मा दक्षिण एशियाली खेलकुदमा स्वर्ण पदक हासिल गरेको थियो । सन् २०१९ को एएफसी एशियाकप छनोटमा नेपालले फिलिपिन्स र यमनसँग बराबरीको खेल खेलेको थियो । सन् २०२१ को साफ च्यापियनसीपमा नेपाल दोश्रो भएको थियो । सन् २०२२ को फिफा विश्वकप छनोट प्रतिस्पर्धामा नेपालले चाइनिज ताइपेइलाई शून्यकाविरुद्ध दुई गोलले पराजित गरेको थियो ।

सन् २०२३ मा नेपालले सन् २०२६ को फिफा विश्वकप छनोटको पहिलो चरणमा लाओसविरुद्ध पहिलो खेल बराबरीमा रोक्नु तथा दोस्रो खेलमा शून्यकाविरुद्ध एक गोलले पराजित गर्नु नेपाली फुटबलको सफलता मान्न सकिन्छ । महिला फुटबलतर्फ नेपालले उल्लेखनीय प्रगति गर्दै गएको देखिएको छ । साफ महिला च्याम्पियनसीपमा नेपाल सातपटक उपविजेता भइसकेको छ । नेपाल लगातार सेमिफाइनलमा प्रवेश गरे पनि उपाधि जित्न भने असफल हुँदै आएको छ । नेपाली महिला टिम दक्षिण एशियाली खेलकुदमा तीन पटक रजन पदक बिजेता बनेको छ ।

### राष्ट्रिय खेल भलिबल

नेपालमा गणतन्त्र आएपछि खेलकुदमा भएका उपलब्धिमध्ये राष्ट्रिय खेलको घोषणा हुनु पनि हो । विगतमा कुन खेल राष्ट्रिय खेल हो भनेर अन्योल परिरहेको अवस्थामा नेपालको जुनसुकै भूभागमा पनि खेल्न सकिने भलिबललाई २०७४ सालमा राष्ट्रिय खेल घोषणा गरिएपछि यो खेलमा विभिन्न सफलता प्राप्त भइरहेका छन् ।

नेपालका पुरुष तथा महिला खेलाडीहरुले भलिबलमा प्रशंसनीय खेल प्रदर्शन गर्दै आइरहेका छन् । नेपालमा विदेशबाटसमेत भलिबल खेलाडी आएर व्यावसायिक खेल खेल्नु सानो उपलब्धि होइन । नेपाली महिला भलिबल टिमले दक्षिण एशियाली खेलकुदमा दुईपटक रजत तथा तीनपटक कास्य पदक जितिसकेको छ ।

### विदेशी टिममा पनि नेपाली

नेपालका विभिन्न क्रिकेट खेलाडी व्यावसायिक रुपमा विदेशका टिममा आबद्ध भएर खेल्नुलाई पनि मुलुकको खेलकुदको उपलब्धि मान्न सकिन्छ । क्रिकेटर सन्दिप लामिछाने भारतमा इण्डियन प्रिमियर लिग खेल्ने पहिलो नेपाली खेलाडी हुनुहुन्छ । सन्दिपले विश्वका विभिन्न फ्रेन्चाइज लिग खेल्ने मौका पाउनु भयो । सोमपाल कामी, रोहित पौडेल, दिपेन्द्र सिंह ऐरी जस्ता खेलाडीले विभिन्न अन्तर्राष्ट्रिय टिमका तर्फबाट खेलेर आफ्नो खेल कौशल देखाउनु भएको थियो ।

यसपाली एक्कै याममा थुप्रै नेपाली फुटबल खेलाडी बङ्गलादेशमा व्यावसायिक खेलाडीका रुपमा खेल्दै हुनुहुन्छ । नेपाली राष्ट्रिय टिमका कप्तान तथा गोलकिपर किरण चेम्जोङ बङ्गलादेशको पुलिस टिममा अनुबन्धित हुनुहुन्छ । सोही क्लबमा नेपालमा आयुष घलानपनि आबद्ध हुनु भएको छ । यस्तै अन्य छ नेपाली खेलाडीलाई पनि बङ्गलादेशमा अनुबन्धित गरिएको छ । नेपाली फुटबल खेलाडी रोहित चन्द इण्डोनेशियाको लिगमा पेरिसा जकार्ता फुटबल क्लबका तर्फबाट लामो अवधिसम्म चर्चित हुनु भएको थियो । नेपाली महिला फुटबलर सावित्रा भण्डारी साम्बा फ्रान्सको व्यावसायिक यात्रापछि हाल न्युजिल्याण्डको वेलिङटनको फोनिक्स क्लबसँग आबद्ध हुनु भएको छ । अन्जिला तुम्बापो सुब्बा, प्रिति राई, रेखा पौडेललगायतका खेलाडीको विदेशी क्लबको अनुभव मुलुकको टिमका लागि अनुभव हासिल गर्ने राम्रो अवसर भएको महसुस गरिएको छ ।

### अन्तमा

राष्ट्रिय खेलकुद परिषदअन्तर्गत हाल सयौं खेल सङ्घ भए तापनि कयौं सङ्घ निस्कृय अवस्थामा रहेका छन् । यस्तो अवस्थामा नेपालको खेलकुदको महत्वपूर्ण हिस्सा विभागीय टिमहरुले धानिरहेका छन् । नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीले राम्रा खेलाडीहरुलाई रोजगारीको अवसर दिएर खेल्ने मौका प्रदान गरिरहेको छ । तर नेपालमा खेलाडीहरुका लागि रोजगारका अन्य अवसर अत्यन्त सिमित रहेका छन् । नेपालभर रहेका स्कूलहरुमा समेत खेलकुद शिक्षक अनिवार्य गर्न सकिएको छैन । मुलुकबाट हजारौँ दिनहुँ युवाहरु अध्ययन, रोजगारी तथा अन्य प्रयोजनका लागि विदेश गइरहेको सन्दर्भमा नेपालको खेलकुद क्षेत्रमा पनि अनुभवी खेलाडीहरुको कमी हुँदै गइरहेको महसुस गरिएको छ ।

मुलुकको लागि महत्वपूर्ण पदक जितिसकेका कयौं खेलाडीहरु पनि अहिले विभिन्न देशमा गई कार्यरत भैरहेका छन् । यसरी अनुभवी खेलाडीहरु मुलुक बाहिर जानेक्रम बढदै गएमा भोलिको दिनमा नेपाली खेलकुद क्षेत्रलाई पनि समस्या पर्ने अवस्था देखिएको छ । विश्वजगतमा राष्ट्रको छवि बढाउने खेलाडीहरुलाई उचित प्रोत्साहन गरी नेपालमा खेलेर पनि बाँच्न सक्ने अवस्थाको सिर्जना गर्नका लागि सरकार तथा सम्बन्धित निकायको सक्रियता अपेक्षित मानिएको छ । खेलकुदलाई रोजगारमूलक व्यवसायको रुपमा स्थापित गर्न स्थानीय तहदेखि नै कार्यक्रम सञ्चालन गरी सबैको लागि खेलकुद भन्ने अभियानलाई अघि बढाउनु पर्ने आवश्यकता महसुस गरिएको छ । विशेषगरी सरकारी तथा गैरसरकारी एवं निजी क्षेत्रबीच समन्वय, सहकार्य तथा साझेदारीको विकास गरी खेलकुदको विकास तथा विस्तार कार्यलाई जोड दिनुपर्ने देखिन्छ ।रासस

# गाजामा इजरायली हमलामा ९१ को मृत्यु, तेल अभिवमा युद्धविरामको माग

एएनआई

गाजा सिटी । इजरायली सेनाको तीव्र हवाई र स्थल आक्रमणले शनिबार गाजामा एकै दिन ९१ जना प्यालेस्टिनीको ज्यान लिएको अल जजिराले जनाएको छ । मृतकहरूमा एक प्रमुख चिकित्सकका आफन्त र उत्तरी गाजाबाट भागिरहेका नागरिकहरू पनि परेका छन् ।

आक्रमणले आवासीय घर, विस्थापितका शिविर र नागरिक बोकेको ट्रकलाई निशाना बनाएको थियो । यसै क्रममा गाजाको सबैभन्दा ठूलो अस्पताल अल-सिफाका निर्देशक मोहम्मद अबु साल्मियाको परिवार घरमै मारिएको थियो ।हमासले यसलाई ‘चिकित्सकहरूलाई सहर छोड्न बाध्य पार्ने आतङ्कवादी सन्देश’ भन्दै निन्दा गरेको छ । अर्को आक्रमणले गाजाको नासर क्षेत्रमा ट्रकमा ठोक्किँदा कम्तीमा चार जनाको मृत्यु भएको थियो ।

अल जजिराकी संवाददाता हिन्द खोदारीका अनुसार हजारौँ विस्थापित निरन्तर बमबारी, तोप आक्रमण र ड्रोन आक्रमणबाट भागिरहेका छन् । इजरायली सेनाले विस्फोटक भरिएका रोबोट प्रयोग गरी क्षेत्र ध्वस्त पारिरहेको बताइएको छ । उद्धारकर्ताहरू फसेका घाइतेहरूसम्म पुग्न नसकेको पनि उहाँले बताउनुभयो ।

अगस्टदेखि मात्रै गाजा सहरमा करिब चार लाख ५० हजार मानिस विस्थापित भइसकेका छन् । इजरायली सेनाले दुई हप्तामा २० वटा टावर भवन भत्काएको दाबी गरेको छ । धेरै विस्थापितहरूले सडक किनारमा त्रिपाल हालेर कठोर परिस्थितिमा बस्न बाध्य भएको जनाइएको छ ।दक्षिणी अल-मवासीमा पनि अवस्था गम्भीर छ । “पानी, स्वास्थ्य सेवा र स्वच्छताको पहुँच अत्यन्तै कठिन छ, जसले स्वास्थ्य सङ्कट निम्त्याउन सक्छ”, डक्टरस विदाउट बोर्डर्स (एमएसएफ) का मिचेल फोटिआडिसले भन्नुभयो ।

हमासले गाजामा बाँकी ४८ बन्दीहरू आक्रमणका कारण खतरा बढेको चेतावनी दिएको छ । यसको सशस्त्र शाखा कासम ब्रिगेडले बन्दीहरूको ‘बिदाइ तस्वीर’ सार्वजनिक गरेको छ ।यसैबीच, हजारौँ मानिसले तेल अभिवमा युद्ध रोक्न माग गर्दै प्रदर्शन गरेका छन् । उनीहरूले प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई हमाससँग सम्झौता गरी बन्दीहरू मुक्त गर्न दबाब दिए । प्रदर्शनकारीहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई पनि इजरायललाई सम्झौता गर्न दबाब दिन आग्रह गरे ।



अल जजिराका पत्रकार हमदाह सलहुतका अनुसार यी प्रदर्शनहरूले इजरायली सरकारलाई अझै असर पारेको छैन । बरु नेतान्याहुको दक्षिणपन्थी गठबन्धनले प्रदर्शनलाई इजरायलको शत्रुको पक्षमा काम गरेको भन्दै आलोचना गरेको छ । बन्दीका परिवारहरूले भने निरन्तर सैन्य कारबाहीले आफ्ना प्रियजनहरूको जीवन जोखिममा परेको बताएका छन् । हप्तौंदेखि भइरहेका प्रदर्शनहरू ‘पर्याप्त नै पर्याप्त’ भन्ने सन्देश पठाउँदै हाल पश्चिम जेरुसेलममा नेतान्याहुको घरअगाडि समेत पुगेका छन् ।

# सामुदायिक विद्यालय अभिभावक तथा विद्यार्थीको रोजाइमा

रामपुर । युवा जनशक्ति आजका आवश्यकता मात्र होइनन्, देशका परिवर्तनका संवाहक पनि हुन् । परिवर्तन खोज्ने हो भने युवाकै नेतृत्व चाहिन्छ। यो हरेक क्षेत्रमा गुञ्जिन्छ र युवाले नै नेतृत्व गरेका संस्था, क्षेत्रमा परिवर्तनको लहर झल्किएको छ।

कुनै समय विद्यार्थी नियमित रूपमा विद्यालय नआउने, बिनापोशाक विद्यालय आउने, गृहकार्य नियमित नगर्ने, पढाइमा चासो नदिने, अभिभावकले पनि आफ्ना सन्तानले विद्यालयमा कस्तो पढिरहेका छन् भन्नेबारे बेवास्ता गर्ने गरेका थिए । शिक्षक नियमित रूपमा विद्यालय नआउने, आए पनि विद्यालय समयमा नबस्नेजस्ता समस्याले विद्यालयको शैक्षिक तथा भौतिक वातावरण अपेक्षाकृत रूपमा फेरिएको थिएन।

शैक्षिक क्षेत्रमा युवा नेतृत्व आएपछि पछिल्ला वर्षमा भने धेरै परिवर्तनका लहर आएका छन् । यसको ज्वलन्त उदाहरण हुन् रामपुर नगरपालिकाका शैक्षिक संस्था । यहाँका शैक्षिक संस्थामा युवा नेतृत्वले धेरै सुधार हुँदै आएको छ।

रामपुर आधारभूत विद्यालयमा तीन वर्षअघि विद्यार्थी सङ्ख्या न्यून थियो । विद्यालयमा विद्यार्थी टिकाउनै मुस्किल पर्थ्यो। कुनै समय यो अत्यधिक विद्यार्थी पढ्ने विद्यालयको अग्रपङ्क्तिमै पर्दथ्यो । समयानुकुल शैक्षिक गतिविधि अगाडि बढाउन नसक्दा बीचमा विद्यार्थी सङ्ख्या घटदै गयो।

युवा नेतृत्वको कुशल जिम्मेवारीले अहिले विद्यालयको अवस्था बदलिएको छ। तीन वर्षअघि ८७ विद्यार्थी रहेको यो विद्यालय अहिले दोब्बर बढी छन् । यहाँ हाल दुई सय दुई विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा विद्यार्थी सङ्ख्या मात्र फेरिएको होइन, भौतिक संरचना, विद्यालयको पूरै वातावरण नै नयाँ स्वरुपको बनेको छ।

"युवाको गहन र कुशल जिम्मेवारीले विद्यालय फेरिने रहेछ", प्रधानाध्यापक विजय शर्माले भन्नुभयो। प्राथमिक तहमा स्थायी दरबन्दीमा नियुक्ति लिएपश्चात २०७९ चैत २० गते रामपुर आधारभूत विद्यालयमा पदस्थापन हुनुभएका प्रअ शर्माले तीन वर्षमै यसलाई नमूना विद्यालय बनाउन सफल हुनुभएको छ।

प्रअ शर्माले यो विद्यालयमा नियुक्ति लिँदा ८७ विद्यार्थी अध्ययनरत थिए । अहिले दुई सय दुई विद्यार्थी अध्ययनरत छन्। विसं २०६५ देखि बृहस्पति आधार भूत विद्यालय निस्दी गाउँपालिका-५ गल्धाबाट शिक्षण पेसा सुरु गर्नुभएका शर्माले विद्यालय सुधार गर्ने अठोट लिएर स्थायी नियुक्तिपश्चात रामपुर आधारभूत विद्यालय आएको बताउनुभयो।

"विद्यार्थी सङ्ख्या न्यून, समयमा विद्यार्थी तथा शिक्षक विद्यालयमा उपस्थित नहुने, चुहिने कक्षाकोठा, खानेपानी, शौचालय समस्या, अव्यवस्थित विद्युत्जस्ता विविध समस्यासँग कछुवा गतिमा चलिरहेको विद्यालय सुधार गर्न सुरुमा कठिन थियो", उहाँले भन्नुभयो, "अभिभावक पनि नयाँ शैक्षिकसत्र सुरु



भएपछि अन्यत्र आफ्ना बालबालिका विद्यालय भर्ना गर्न लैजाने तयारीमा हुनुहुन्थ्यो भने शिक्षक, कर्मचारीमा शिक्षण पेसाप्रति उत्साह थिएन, तर मैले हिम्मत गरेर विद्यालय सुधार्नुपर्छ भनेर लागेपछि अहिले हेर्नलायकको विद्यालय बनेको छ।"

समयमा विद्यालय नआउने विद्यार्थी तथा शिक्षक हिजोआज भने समयअगावै आउने गरेका छन् । पहिला शैक्षिक सामग्री र फर्निचर अभाव थियो। अहिले उक्त समस्या छैन। निजी स्रोतमा कार्यरत शिक्षकको हरेक वर्ष तलब वृद्धि, विद्यार्थी सङ्ख्या बढेपछि दरबन्दी थप, आधुनिक शिक्षण पद्धतिको व्यवस्था, अनुशासन, समयपालना र मेहनतका कारण विद्यालयले आफ्नो पहिचान फरक बनाउन सफल भएको प्रअ शर्मा बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ, "सुरुआतमा विद्यालयमा हाजिरी भएपश्चात यहाँको गतिविधि बुझ्दा सुधार गर्न सकिएलाजस्तो थिएन, विद्यार्थीले नियमित पोशाक नलगाउने, समयमा उपस्थित नहुने, केही शिक्षक त विद्यालयले बनाएको नियम पालना गर्न नसकेर विद्यालय छाडेर पनि जानुभयो, विद्यालय सुधार गरेर विद्यार्थीलाई गुणस्तरिय शिक्षा दिनेमा म दृढ सङ्कल्प लिएर अघि बढेको छु, अहिले शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी तथा समुदायको राम्रो साथ पाएको हुँदा काम गर्न सहज वातावरण बनेको छ।"

विद्यालयमा २०७८ सालमा ८६, २०७९ सालमा ८७, २०८० सालमा एक सय ४६, २०८१ सालमा एक सय ७६ र २०८२ सालमा दुई सय दुई विद्यार्थी अध्ययनरत रहेका शिक्षक तुलसी गौतमले जानकारी दिनुभयो। पछिल्ला तीन वर्षमा विद्यार्थीको सङ्ख्या ह्वात्तै बढेको छ । चालु शैक्षिकसत्रमा २६ विद्यार्थी थपिएका छन्।

नर्सरीदेखि ८ कक्षासम्म पठनपाठन हुने उक्त विद्यालय अहिले रामपुरकै नमूना र उत्कृष्ट बनेको छ। विद्यालयको वातावरण राम्रो हुँदै गएपछि बोर्डिङ स्कुल छाडेर उक्त विद्यालयमा पढ्न थालेका अभिभावक सङ्गीता काफ्लेले बताउनुभयो । उहाँका दुई छोराछोरी यही विद्यालयमा पढ्छन् । बेलाबेलामा विद्यालयले अभिभावकलाई बोलाएर आफ्ना छोराछोरीको प्रगतिबारे जानकारी लिन तथा रायसल्लाह सुझाव दिन लगाउँछन् । यसबाट अभिभावकको विद्यालयप्रतिको माया बढ्ने उहाँको भनाइ छ।

"निजी विद्यालयमा महँगो शुल्क तिरेर पढाउनुभन्दा सरकारी विद्यालयमा कम शुल्कमा राम्रो पढाइ भएपछि बोर्डिङबाट छुटाएर यहाँ ल्याएको छु, अब बोर्डिङ स्कुलमा पढाउनुपर्ने अवस्था छैन, सबै सुविधा सरकारी स्कुलमा नै पाइने रहेछ", अभिभावक काफ्लेले भन्नुभयो।

> "अभिभावक पनि नयाँ शैक्षिकसत्र सुरु भएपछि अन्यत्र आफ्ना बालबालिका विद्यालय भर्ना गर्न लैजाने तयारीमा हुनुहुन्थ्यो भने शिक्षक, कर्मचारीमा शिक्षण पेसाप्रति उत्साह थिएन, तर मैले हिम्मत गरेर विद्यालय सुधार्नुपर्छ भनेर लागेपछि अहिले हेर्नलायकको विद्यालय बनेको छ ।"

गृहकार्यमा सुधार, विद्यार्थी नियमित विद्यालय आउने वातावरण तयार, बिहानदेखि साँझसम्म विद्यालय खुला र पालो गरेर शिक्षकले विद्यालयको रेखदेख गर्ने व्यवस्था, प्रत्येक विद्यार्थीको व्यक्तिगत अभिलेख राख्ने, प्रत्येक कक्षाकोठामा 'बुक कर्नर'को व्यवस्था, प्रत्येक कक्षाकोठाको अगाडि डिस्प्ले बोर्ड, मासिक रूपमा आन्तरिक परीक्षा लिइने, प्रत्येक दिन शिक्षकले विद्यार्थीलाई स्वागत गर्ने, योगध्यान साधनाको निरन्तर अभ्यास, रामपुर नगरमै नयाँ विषयका रूपमा संस्कारसहितको शिक्षा सुरु गरिएपछि विद्यार्थी तथा अभिभावकको रोजाइमा विद्यालय परेको छ।

यस शैक्षिकसत्रदेखि संस्कारसहितको शिक्षा नामक विषय समावेश गरी पठनपाठन सुरु गरेको शिक्षक चम्पा गौतमले बताउनुभयो । पाठमा समावेश विभिन्न समुदायका चाडपर्व, संस्कार, संस्कृति, रीतिरिवाज, वेशभूषा, आदर सत्कार, अनुशासन, नैतिक आचरण, दैनिक गर्नुपर्ने क्रियाकलापजस्ता विषय पढाउने गरेको उहाँ बताउनुहुन्छ।

"विद्यार्थीले पाठ सुरु गर्नुपूर्व संस्कार, संस्कृतिसँग जोडिएका विभिन्न श्लोक तथा पाठ वाचन गर्छन्, कक्षाकोठामा विषय नै समावेश गरी पढाउन थालेपछि विद्यार्थीको आनीबानीमा धेरै परिवर्तन आएको छ", उहाँले भन्नुभयो।

आन्तरिक परीक्षाका लागि बाहिरका पालिकाबाट तयार पारिएका प्रश्नपत्रबाट परीक्षा लिइने, नतिजामा सुधार, कमजोर विद्यार्थीलाई सुधारका लागि छुट्टै शिक्षकको व्यवस्था, मासिक रूपमा शिक्षक, कर्मचारीको अनिवार्य बैठक, कक्षाअनुसार हरेक महिना अभिभावक भेला तथा विभिन्न तहमा शिक्षकलाई जिम्मेवारी दिएर शिक्षणकार्य सञ्चालन भइरहेको छ।

विद्यालयको शैक्षिकस्तर उकासिँदै जाँदा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थी यस विद्यालयमा भर्ना भई अध्ययन गरेको विद्यालय व्यवस्थापन समिति अध्यक्ष विष्णुप्रसाद गौतमले जानकारी दिनुभयो । युवा नेतृत्वले संस्था कसरी बन्छ भन्ने उदाहरण आफ्नै विद्यालयले प्रस्तुत गरेको उहाँ बताउनुहुन्छ।

"शैक्षिकस्तर सुधार गर्न समितिले प्रधानाध्यापक, शिक्षक, कर्मचारीलाई कुनै अप्ठ्यारो स्थिति सृजना गरेको छैन, यसमा समितिले सहजीकरण गर्दै आइरहेको छ, विद्यालय सुधार गर्न कुशल प्रशासनिक अनुभव भएको प्रअ चाहिने रहेछ", अध्यक्ष गौतमले भन्नुभयो।

हाल विद्यालयमा स्थायी दरबन्दीमा चार, निमावि राहत दरबन्दीमा एक, प्रावि राहत दरबन्दीमा दुई, बालविकास राहत दरबन्दीमा एक, शिक्षण निमावि अनुदानमा एक, निजी स्रोतबाट सात, कार्यालय सहयोगी राहत दरबन्दी एक गरी जम्मा १७ शिक्षक कर्मचारी कार्यरत छन् । विद्यालयमा कार्यरत शिक्षक कर्मचारीमध्ये दुई जनाबाहेक सबै महिला छन्।

करिव १२ रोपनी क्षेत्रफल विद्यालयको नाममा रहेको छ । चारैतिर पक्की घेराबार गरिएको पाँचवटा भवनमा १२ शैक्षिक प्रयोजनका लागि कक्षा सञ्चालन भइरहेको छ। विसं २०४६ मा कक्षा १ देखि ३ सम्म स्थापना भएको विद्यालयमा हाल कक्षासम्म पठनपाठन भइरहेको छ। विद्यार्थीका लागि छात्रावास र शिक्षकका लागि आवाससहितको सुविधायुक्त भवन निर्माण गर्ने, करेसाबारी र फूलबारी, कृषि उत्पादनका लागि विद्यार्थीलाई लक्षित गरी कार्यक्रम गर्ने, इन्टरनेटको प्रयोग गरी स्मार्टबोर्ड र प्रोजेक्टरबाट कक्षा सञ्चालन गर्ने, खेलमैदानको उपयुक्त व्यवस्थापन गर्ने, योग ध्यान, साधना र खेलकुदलाई जोड दिने विद्यालयको लक्ष्य छ।

यस्तै रामपुरकै अर्को नमूना विद्यालय हो, बेलघारी प्राथमिक विद्यालय । रामपुर नरपालिका-१ क्वाडक्वाड्मा यो विद्यालय पनि युवाकै नेतृत्वमा चलेको छ । युवा प्रधानाध्यापक छापबहादुर थापाले विद्यालयको नेतृत्व गरिरहनुभएको छ। युवा नेतृत्वपश्चात विद्यालयले मुहार फेर्दै गएको छ।

पहिला यस विद्यालयमा नियमित रूपमा विद्यार्थी आउँदैनथे । अभिभावकले पनि विद्यालयप्रति चासो देखाउँदैनथे। हिजोआज भने युवाको नेतृत्वले विद्यार्थी नियमित आउने र विद्यालयप्रति अभिभावकले चासो देखाउने, सल्लाह सुझाव दिने गरेको प्रधानाध्यापक थापाले बताउनुभयो।

"हरेक संस्थामा युवा नेतृत्वलाई जिम्मेवारी दिइयो भने काम गर्न सजिलो हुन्छ, युवा ऊर्जावान भएकाले नेतृत्व उनीहरुलाई नै दिनुपर्छ", प्रअ थापाले भन्नुभयो। कक्षा ५ सम्म पठनपाठन हुने यस विद्यालयमा अङ्ग्रेजी माध्यममा पढाइ हुने गरेको छ। रासस

## तालिमले फेरिएको जुगरानीको जीवन :
# केराको रेसाबाट कपडा उत्पादन

भजनी। टीकापुर नगरपालिका-५ की जुगरानी चौधरीको दुई महिना अगाडिको समय निकै सकसपूर्ण थियो। दिनभर घरायसी काममा व्यस्त देखिने उहाँको कामबाट परिवार पनि सन्तुष्ट थिएन। उहाँ घरमा जति काम गरे पनि त्यसबाट आम्दानी नहुने भएपछि मानसिक तनाव हुने गरेको बताउनुहुन्छ। जुगरानीलाई सहकारी संस्थाले तालिमका लागि सिफारिस गरेर सिकेको २५ दिने तालिमले उहाँको जीवन फेरिएको छ। एक संस्थाले २५ दिनसम्म दिएको तालिमले उहाँ उद्यममा जोडिन सफल हुनुभएको हो।

पच्चीस दिनको निःशुल्क तालिमसहित ५० प्रतिशत अनुदानमा कपडा बुन्ने उपकरण सहयोग गरेपछि जुगरानीसहितका महिला उद्यममा जोडिन सफल भएका छन्। जुगरानीले अहिले केराको रेसाबाट काँचो कपडा बुन्ने काम थाल्नुभएको छ।

गरेको कपडा काठमाडौँ लगिन्छ। प्रतिमिटर तीन सयमा काठमाडौँको अल्लो बजारले कपडा खरिद गर्दै आएको छ। मागअनुसार पुर्याउन नसकिएको वडा नं ७ की सकुन्तला चौधरी बताउनुहुन्छ। "बजारमा माग निकै छ। एउटै कम्पनीलाई पनि हामीले पुर्याउन सकेका छैनौँ, उहाँ भन्नुहुन्छ, "बुन्न झन्झटिलो हुँदा समय बढी लाग्ने गरेको छ।" उहाँले आधुनिक मेसिन भएको भए धेरै उत्पादन गर्न सकिने विश्वास व्यक्त गर्नुभयो।

उत्पादन भएको कपडा निर्यातका लागि सहकारीले सहजीकरण गर्दै आएको छ। दुई वर्ष अगाडिबाट केराको खेर गइरहेको थामबाट रेसा उत्पादन गर्दै आएको सहकारीले यसभन्दा पहिले रेसा तयार गरेर बिक्री गर्दै आएको थियो। बजारमा रेसाको माग निकै हुँदा पुर्याउन नसकिएको सहकारीका व्यवस्थापक रामकृष्ण चौधरीले



आजभोलिको दैनिकी कपडा बनाउने काममै बित्ने गरेको छ। "खेर जाने केराको बोट (थाम) बाट कपडा हुन्छ भन्ने विश्वास गर्न नसकेकी म आफैँ कपडा बनाउन थालेकी छु", उहाँ भन्नुहुन्छ, "आजभोलि परिवारले पनि विश्वास गर्न थालेको छ। आफूलाई पनि आत्मनिर्भर भएको महसुस हुन्छ।"

टीकापुर नगरपालिका-८ स्थित धनसिंहपुर एकता समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सहकारीमा आठ जना सदस्यलाई तालिममा सहभागी गराएर कपडा उत्पादन गर्ने सुरु गरेपछि महिला आत्मनिर्भर बन्दै गएका छन्। तालिमबाट आत्मनिर्भर बनेका महिला काम पाएपछि निकै उत्साहित भएर काम गरिरहनुभएको छ। "सीप भएपछि पैसा कमाउन समस्या नहुँदोरहेछ। समाजले हेर्ने दृष्टिकोणमा फेरिँदोरहेछ।" सोही ठाउँकी कमला साउदले भन्नुभयो, "हिजो घरमा बसेर दिन बिताउन मुस्किल हुन्थ्यो भने आजभोलि समय नै पुग्दैन।"

महिलाहरूले उत्पादन बताउनुभयो। "रेसाका लागि चाहिने कच्चा पदार्थ अर्थात् केराको थाममा हामीले अहिलेसम्म पैसा तिर्नुपरेको छैन। उत्पादन भएको रेसाले बजारको माग धान्न सकेका छैनौँ", उहाँ भन्नुहुन्छ, "अहिले त आफ्नै लागि रेसा पुर्याउन सकिएको छैन।"

महिलाहरूले सरकारबाट सहयोगको अपेक्षा गर्नुभएको छ। उत्पादन भएको कपडाबाट अन्य सामग्री उत्पादनका लागि आवश्यक सीप र आधुनिक मेसिनमा सहयोगको अपेक्षा महिलाहरूले गरेका छन्। "कपडा उत्पादनसँगै त्यसबाट आवश्यक सामग्री बनाउन सके अझै राम्रो आम्दानी गर्न सकिन्थ्यो।" स्थानीय कमलाकुमारी चौधरी भन्नुहुन्छ, "हामीलाई थप सीप र आधुनिक मेसिनमा सहयोग चाहिएको छ। केही रकम हामी आफैँ पनि लगानी गर्न सक्छौँ।"

उहाँले केराको कपडाबाट टोपी, झोला, चप्पल, जुत्ता, गुन्द्रीलगायत सामग्री उत्पादन गर्न सकिने बताउनुभयो।रासस

## च्याउको बीउ उत्पादनबाट वार्षिक डेढ करोड आम्दानी

झापा। विर्तामोड-३ का रामबहादुर खत्री स्वदेशमै उन्नत प्रविधिबाट च्याउको बीउ उत्पादन गरेर उदाहरणीय उद्यमी बन्नुभएको छ। स्वदेशमै उत्पादन हुन थालेपछि च्याउको बीउमा विदेशी निर्भरता घटेको छ।

खत्री परिवारले १४ वर्षअघि स्थापना गरेको पाथिभरा च्याउ तथा बीउ उद्योगले कोशी प्रदेशमा पहिलोपटक 'टिस्युकल्चर' प्रविधिबाट च्याउको बीउ उत्पादन गर्दै आएको छ। उद्योगबाट वार्षिक ४५ हजार किलो च्याउको बीउ उत्पादन गर्दै आएको छ। यसबाट रु एक करोड ५० लाखभन्दा बढी आम्दानी हुने गरेको खत्रीले बताउनुभयो।

उद्योगमा सात जनाले पूर्णकालीन रोजगारी प्राप्त गरेका छन्। आफूसहित तीन कामदार आफ्नै घरका सदस्य रहेको उहाँले बताउनुभयो। उद्योगबाट घर बाहिरका चार कामदारले पूर्णकालीन रोजगारी पाएका छन्।

"च्याउखेतीमा थोरै लगानी र मिहेनत गर्दा मनग्य आयआर्जन गर्न सकिने भएकाले अहिले यसतर्फ किसानको आकर्षण बढेको छ", खत्री भन्नुहुन्छ, "रोग नलाग्ने र स्वस्थबर्द्धक च्याउ उत्पादन हुने भएकाले बीउका लागि टिस्युकल्चर प्रविधि प्रयोग गरिरहेका छौँ।"रासस

# पुख्यौंली पेसा सङ्कटमा परेपछि विकल्प खोज्दै बादी समुदाय

दोधारा चाँदनी । दोधारा चाँदनी नगरपालिका-३ का रेशम बादी पुख्यौंली पेसा वाद्यवादनका सामग्री बनाएर जीविकोपार्जन गर्दै आउनुभएको थियो । पछिल्ला केही वर्षयता परम्परागत पेसाले मात्रै घर खर्चको जोहो गर्न मुस्किल भएपछि उहाँले अहिले उक्त पेसाको विकल्प खोज्न थाल्नुभएको छ। वाद्यवादनका सामग्री बनाउन कच्चा पदार्थ पाउन कठिन भएपछि पेसा नै सङ्कटमा पर्न थालेको बादी बताउनुहुन्छ।

"मेरो बुबाबाजेले मादल, दमाहालगायत वाद्यवादनका सामग्री बनाएर जीविकोपार्जन गर्नुभएको हो, त्यहीँ पेसालाई मैले पनि निरन्तरता दिएको थिएँ", बादीले भन्नुभयो, "अहिले यो पेसाबाट घरखर्च जोहो गर्नसमेत मुस्किल पर्छ।" वाद्यवादनका सामग्री बनाउन कच्चा पदार्थका रूपमा छाला र (खमारी) काठ आवश्यक पर्ने भए पनि अहिले सहज रुपमा पाउन मुस्किल छ । यसकारण पनि यो समुदायले पुख्यौंली पेसाबाट जीविकोपार्जन गर्न चुनौती थपिएको हो।

"केही वर्षअघिसम्म तीजको बेला र दसैँतिहारमा मादल बनाउन भ्याइनभ्याइ हुन्थ्यो", बादीले भन्नुभयो, "अहिले तीजमा डिजेमा नाच्दछन् मादलको माग आउन छाड्यो, दसैँका बेलामा थारू समुदायले मादल बनाउन धेरै माग गर्छन् ।" उहाँले थारू समुदायमा दसैँको समयमा सखिया नाच नाच्ने भएकाले यो सिजनमा मादल बनाएर मात्र रु ३० हजारदेखि रु ४० हजारसम्म आम्दानी हुने गरेको बताउनुभयो।रासस


श्री प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, धनुषा, जनकपुर
सिफारिस माग गरिएको खण्डमा सिफारिस गराई पाउँ

**कोष तथा लेखा नियन्त्रण कार्यालय धनुषाको नाउँमा सार्वजनिक सूचना**

विषयः- जिल्ला प्रशासन कार्यालय धनुषाको दर्ता नं. २४०२ मिति २०८०/६/५ गतेको पत्रानुसार सो कार्यालयमा जिल्ला प्रशासन कार्यालय धनुषाबाट भएको सिफारिस अनुसारको रकम भुक्तानीको चेक उपलब्ध गराई दिने सम्बन्धमा माग गरेको छ । कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषा RD७८५१४९१२NP जारि मिति २०७९/२/२६

निवेदक
देव शरण साह
ज.उ.मा.न.पा.-१८, प्र.को महुवा



**घर/सटर बहाल सम्बन्धि ३० (तिस) दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२/०६/०५

यस कार्यालयको मातहतमा रहेको ज.उ.म.न.पा.वडा नं.८ सिट नं. १३५५-१७ कि.नं. ५४ क्षे.फ.०-१२-८-२ स्थित श्री लक्ष्मीनारायण मठ मटिहानी गुठी अर्न्तगतका दशरथ मन्दिर परिसरको उत्तरतर्फ निर्माण भएको घर/सटर गुठी संस्थान प्रधान कार्यालयको प.सं.०८२।०८३/७७ च.नं.३४४ मिति २०८२।०५।३० को पत्र आदेशानुसार तथा गुठी तैनाथी घर जग्गा बहालमा दिने सम्बन्धी निर्देशिका २०७८ बमोजिम बहलमा व्यवस्थापन गर्नु पर्ने भएकोले सो परिसर भित्र निर्माण भएको सटर/घर जे-जुन अवस्थामा छ। सोही अवस्थामा बर्ष ५ का लागि बहालमा दिनु पर्ने भएकोले रु.४२,०००।- (अक्षेरुपी बयालिस हजार मात्र) न्यूनतम मासिक दर आधार कायम गरी ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ लिन चाहने ईच्छुक व्यक्ति वा संघ/संस्थाहरुले रु ३०००।- नगद तिरी यस कार्यालयबाट ३० औं दिन भित्र बोलपत्र फारम खरिद गरी (पछि फिर्ता नहुने) गरी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्ममा सिलबन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ दर्ता भएको बोलपत्र सोही दिनको २:०० बजे प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रं खोल्दा बोलपत्र दाता उपस्थित हुनु पर्नेछ सो उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन, सयम भित्र दर्ता हुन नआएको बोलपत्रमा कुनै कारवाही नहुने व्यहोरा सहितको सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि गुठी संस्थान शाखा कार्यालयमा महोत्तरीमा सर्म्पक गर्नुहोला।

गुठी संस्थान शाखा कार्यालय
महोत्तरी जलेश्वर
०४४-५२००७४
website: https://guthisansthan.org.np/



**भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा**
**सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

यसमा जिल्ला धनुषा बनिनिया गा.वि.स. वडा नं.१ हाल परिवर्तित लक्ष्मीनियाँ गा.पा.वडा नं.५ मा बस्ने ठकन दास कथबनियाँको नाती झौली दास कथबनियाँको ४ छोराहरु जेठा छोरा लक्ष्मेश्वर दास-१, माईलो छोरा प्रमेश्वर दास-१, साहिला छोरा नागेश्वर दास १ र कान्छा छोरा जुगेश्वर दास-१ समेतले हामीहरुको बुवा रैती नं.५४१ का झौली दास कथबनियाँको नाउँमा लगत कायम रहेको साविक मौजे गोपालपुरको सा.कि.नं.२५६ क्षेत्रफल s२०२ जग्गा सर्वे नापी हुँदा जि.ध.गा.वि.स. गोपालपुर बडा नं.६क कि.नं.२ क्षेत्रफल ०-१-१३ जग्गा निजकै नाउँमा नापनक्सा भई दर्ता गर्न छुट भएकोमा निजको मिति २०४०/०९/२८ मा आफ्नो कालगतिले परलोक भई निजको हकभोग अपुताली खाने हकदार एकमात्र पत्नी इनर देवी दासको पनि मिति २०७६/०२/१५ मा आफ्नै कालगतिले मृत्यु भई निजहरुको हकभोग अपुताली खाने ४ छोराहरु जेठा छोरा लक्ष्मेश्वर दास-१, माईलो छोरा प्रमेश्वर दास-१. साहिला छोरा नागेश्वर दास-१ र कान्छा छोरा जुगेश्वर दास-१ समेत ४ जना मात्र भएकोले हामीहरुको संयुक्त नाममा छुट जग्गा दर्ता नामसारी गरि पाउँ भनी द.नं.१५७८१ मिति २०८१/१०/२५ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०५/२२ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको टाँस भएको मितिले बाटोको म्याद वाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला। अन्यथा कानून वमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

तपसिल

| जिल्ला | क्षेत्र | बडा नं. | कि. नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | गोपालपुर | ६क | २ | ०-१-१३ | पं.बनिनियाँ वार्ड नं.१ बस्ने झौली दास कथवनियाँको जोत नम्बरी हो। प्रमाणित गर्ने वा.स. द..... |

# पूर्वजनमतका नेताहरु जुटे युथ फर नेशन अभियानमा



टुडे समाचारदाता

जनकपुरधाम । पूर्वजनमत पार्टीका नेताहरु युथ फर नेशन अभियान थालेको छ।

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतको राजीनामा माग गर्दै पार्टी छोडेका ६ जना नेताहरूले अब 'युथ फर नेशन' नामक अभियान थालेका छन्।

जनमतका अध्यक्ष राउतको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै उनीहरूले असोज २ गते साधारण सदस्य समेत नरहने गरी पार्टी परित्याग गरेका थिए।

पार्टी छोड्नेमा उपाध्यक्ष अब्दुल खान, प्रवक्ता डा. शरदसिंह यादव, युवा संघका संजय कुमार यादव, स्वास्थ्यकर्मी संघका केन्द्रीय संयोजक सीके सिंह, सुदूरपश्चिम इञ्चार्ज राजाराम चौधरी र राष्ट्रिय परिषद सदस्य विक्रमबहादुर बम रहेका छन्।

अभियानको उद्देश्यबारे जानकारी दिँदै डा. शरदसिंह यादवले जेनजी आन्दोलनले दिएको सन्देशलाई आत्मसात् गर्दै युवाहरूलाई जोड्ने बताए। उनले भने, 'हामी अब युवाहरूको कुरा सुन्न देशभर जान्छौं।' उनले तत्कालै नयाँ राजनीतिक दल खोल्ने योजना नरहेको तर युवा केन्द्रित बहश चलाइने बताए।

उनीहरुले अध्यक्ष राउत र उनका दाजु जयकान्त राउतको कार्यशैलीप्रति प्रश्न उठाउँदै तत्काल राजीनामा माग गरेका थिए।

# 'चुनरी यात्रा' : घटस्थापनाको दिन भव्य आयोजन


**विश्व हिन्दू परिषद् नेपालले आयोजना गर्न लागेको यो धार्मिक तथा सांस्कृतिक यात्रा सोमबार अपरान्ह ३ बजेदेखि वीरगन्ज-माईस्थानस्थित गहवामाई मन्दिरबाट शुरु हुनेछ । यात्रामा १५१ मिटर लामो चुनरी गहवामाईलाई अर्पण गरिनेछ ।**

टुडे समाचारदाता

वीरगञ्ज । दशैंको पहिलो दिन घटस्थापनाका अवसरमा वीरगञ्जमा पहिलो पटक 'चुनरी यात्रा' निकालिने भएको छ।

विश्व हिन्दू परिषद् नेपालले आयोजना गर्न लागेको यो धार्मिक तथा सांस्कृतिक यात्रा सोमबार अपरान्ह ३ बजेदेखि वीरगन्ज-माईस्थानस्थित गहवामाई मन्दिरबाट शुरु हुनेछ । यात्रामा १५१ मिटर लामो चुनरी गहवामाईलाई अर्पण गरिनेछ।

आयोजक परिषद्को वीरगञ्ज महानगर समितिका सचिव दीपेन्द्र कुमार सर्राफका अनुसार करिब १ हजार ५ सय भक्तजनले हातमा बोकेर निकाल्ने उक्त 'चुनरी यात्रा' नगर परिक्रमा गर्दै पुनः गहवामाई मन्दिरमै पुगेर विशेष पूजा-आराधनासहित समापन गरिने भएको छ।




सर्राफले आइतबार आयोजित पत्रकार सम्मेलनमा भने, "देश र समाजको हित तथा सर्वजनको मंगलकामना गर्दै 'चुनरी यात्रा' आयोजना गर्न लागिएको हो। यसका लागि कुनै आर्थिक सहयोग कसैबाट लिइएको छैन।"

उनले सम्पूर्ण हिन्दू धर्मावलम्बीलाई भक्तिभावपूर्वक यात्रामा सहभागी हुन आह्वान गर्दै गहवामाईलाई अर्पण गरिने चुनरीलाई धार्मिक एकता र समर्पणको प्रतीकका रूपमा व्याख्या गरे।

वीरगञ्जमा पहिलोपटक आयोजना हुने यो 'चुनरी यात्रा'लाई स्थानीयस्तरमा भव्य र ऐतिहासिक बनाउन व्यापक तयारी गरिएको आयोजकले जनाएको छ।

# सहमहामन्त्री यादवद्वारा अवलोकन



टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कांग्रेसका सहमहामन्त्री एवं पूर्वमन्त्री महेन्द्रप्रसाद यादवसहितको टोलीले मधेश प्रदेशमा जेन- जी आन्दोलनको क्रममा भएको क्षति तथा आगजनी गरिएको मुख्यमन्त्री कार्यालयदेखि प्रदेशसभासम्मको अवलोकन गरी जानकारी लिएका छन्।

जनकपुरधाममा आइतबार सहमहामन्त्री यादवको अगुवाइ तथा उर्जा सिचाइँ तथा खानेपानी मन्त्री शेषनारायण यादवसहितकालेगरेकोअवलोकन तथा जानकारीको क्रममा मधेश प्रदेशको प्रशासनिक निकायको रुपमा रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशको प्रदेशसभा, विभिन्न मन्त्रालयको कार्यालयको भवन, मुख्यन्यायाधिवक्ताको कार्यालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलगायतको गरेका थिए।

सो क्रममा उनीसंग नेपाली कांग्रेस मधेश प्रदेशका संसदीय दलका प्रमुख सचेतक कुमरकान्त झा, कांग्रेस मधेश प्रदेशका सदस्य जीवनाथ चौधरीलगायतकाहरुको सहभागिता रहेको थियो।

# जमुनी सिचाइँ योजनाले गति लिदैं

टुडे समाचारदाता

वीरगञ्ज । पाँच वर्षदेखि रोकिएको जमुनी सिचाइँ योजनाले गति लिने भएको छ। मुआब्जा विवाद र ब्यारेजमा विद्युतीय ढोकाको अभावमा जमुनी सिचाइँ योजना अधुरो रहने जोखिम रहेकामा पछिल्लो समय ब्यारेजको विद्युतीय ढोकाको टेन्डर लागिसकेको छ।

नारायणी सिचाइँ व्यवस्थापन कार्यालयका इञ्जिनियर एवम् सूचना अधिकृत सुरेशप्रसाद साहले सिचाइँ विभागले ढोकाको टेन्डर आह्वान गरेकामा एक कम्पनीले टेन्डर सम्झौता गरी ढोकाको डिजाइनको काम अघि बढेको बताए। सो ब्यारेजको तटीय क्षेत्रमा रहेको जग्गाको ६ करोड रुपैयाँ मात्र मुआब्जा दिन बाँकी नै रहेको बताइन्छ।

ब्यारेजको तटबन्धमा परेको स्थानीयको करिब १७ बिघा १० कट्ठा १० धुर जग्गाको मुआब्जा वितरण गर्नुपर्ने दायित्व रहेकामा अब ६ बिघाको मात्र रहेको इञ्जिनियर साहले बताए। नेपाल सरकारको अनुदान तथा विश्व बैंकको ऋणमा बाराको आदर्श कोतवाल गाउँपालिका तथा पचरौता नगरपालिकाको सीमामा उक्त सिचाइँ योजनाको मूल संरचना निर्माण भएको छ। योजनामा ३५ करोड रुपैयाँ समेत खर्च भइसकेको छ।

६ वर्षअघि बाराको पूर्वी र रौतहटको पश्चिमी भेगका किसानलाई वर्षैभरि सिचाइँ सुविधा उपलब्ध गराउने महात्वाकांक्षी योजनाको रूपमा जमुनी सिँचाइ योजनाको काम सुरु गरिएको थियो। करिब ५ वर्षअघि ब्यारेज निर्माण भइसकेको छ।तर ब्यारेजमा विद्युतीय ढोका जडानको काममा ढिलाइ भएको थियो।

ब्यारेज निर्माणपछि १२ करोड रुपैयाँ लागतमा तटबन्ध निर्माणको काम पनि ३ वर्षअघि सुरु गरिएको थियो। तर तटबन्ध निर्माणको काम पनि ८० प्रतिशत मात्र सम्पन्न हुन सकेको छ।



डुबान क्षेत्रका जग्गा धनीले मुआब्जा नपाउन्जेल काम अघि बढ्न नदिने अडान लिई उच्च अदालत वीरगन्जबाट गत जेठमा स्टे अर्डर गराएपछि तटबन्ध निर्माणको काम पनि अधुरो रहन गएको छ। ब्यारेजमा पानी भण्डारण प्रयोजनका लागि ब्यारेजदेखि उत्तरतर्फ निर्माणाधीन तटबन्धमा स्थानीय १ सयभन्दा बढी किसानको झन्डै १७ बिघा जग्गा पर्छ।

योजना सञ्चालनमा आएपछि गण्डक नहरको ब्लक नम्बर ११ देखि १५ सम्म बाह्रै महिना पानी उपलब्ध हुनेछ। जसबाट बाराको पूर्वी र रौतहटको पश्चिमी भेगका किसान लाभान्वित हुनेछन्।

सन् १९७१ देखि सञ्चालनमा आएकोमा गण्डक नहरको पुछारका अन्तिम ४ ब्लकसम्म सामान्यतया पानी पुग्दैन । जमुनी सिँचाइ योजना त्यसकै विकल्पको रूपमा निर्माण गरिएको छ।

नारायणी सिचाइँ व्यवस्थापन कार्यालय वीरगन्जमार्फत ब्यारेज र यसका संरचना निर्माण भइरहेका छन् । योजनाअन्तर्गत आव २०७२/७३ मा ब्यारेज र त्यसका अन्य संरचनाको निर्माण कार्य सुरु गरी २०७६/७७ मा ब्यारेज निर्माण कार्य सम्पन्न भएको छ।

ठेकेदार कुमार/आशिष/अमर जेभी कालीमाटीले ३१ करोड रुपैयाँको यो ठेक्का ३० प्रतिशत बिलो गई २२ करोड ४० लाख ५१ हजार १ सय ४५ रुपैयाँ १० पैसामा (मूल्य अभिवृद्धि करसहित) मा ब्यारेज निर्माण गरेको थियो।

१२ करोड रुपैयाँको लागतमा डीएस निर्माण सेवाले २ वर्ष १ हजार १ सय मिटर लामो तटबन्ध निर्माण शुरु गरेको थियो। जमुनी ब्यारेजमा कूल १३ वटा ढोका छन्। खोलाको तल्लो भागमा ४ वटा ढोका छन्। २ ढोका हेड रेगुलेटर हुनेछन्।

नहर सञ्चालनमा आएपछि नहरमा प्रतिसेकेन्ड ७ हजार ५ सय लिटर पानी उपलब्ध हुनेछ। सामान्य अवस्थामा जमुनी खोलामा २५ हजार लिटर प्रतिसेकेन्ड पानी प्रवाह भइरहेको छ। बाढी आएको बेला प्रतिसेकेन्ड ४ लाख लिटर भन्दा पनि बढी पानी यो खोलामा प्रवाह हुने गरेको छ।

जमुनी ब्यारेज आफैमा ठूलो योजना भएकाले बर्सेनि बाढीको समयमा खोलामा बढी पानी प्रवाह भएर ब्यारेजका ढोका खोल्नुपर्ने हुन्छ। त्यति बेला परम्परागत ढङ्गले ढोका खोल्नका लागि प्रति ढोका जनही ३ देखि ४ जना जनशक्ति आवश्यक पर्छ।

तर विद्युतीय ढोका भए स्विच अन गरेलगत्तै ब्यारेजका ढोका खुल्नेछन्। जसले गर्दा ब्यारेजमै मानवीय तथा भौतिक जोखिम पनि कम हुन जान्छ। बाढी आएका बेला समयमा ढोका खोल्न नसके खोलाले अन्त बाटो मोडेर जान सक्ने प्रबल सम्भावना पनि हुन्छ। यस्तो अवस्थामा ब्यारेज उपयोगविहीन हुने भई आसपासका गाउँहरूमा जनधनको पनि ठूलो क्षति हुन सक्छ।

योजनाअन्तर्गत जमुनी खोलाबाट निकालिने नहरको पानी ड्यामबाट करिब ५ सय मिटर दक्षिणमा रहेको गण्डक नहरमा झार्ने योजना छ। जसबाट बाराको १ हजार २ सय र रौतहटको ८ हजार ३ सय गरी कूल ९ हजार ५ सय हेक्टर जग्गामा सिचाइँ सुविधा उपलब्ध हुने जनाइएको छ।

# भारतबाट पाँच जना विदेशी नागरिक पक्राउ

सञ्जय मिश्रा

रौतहट । रौतहट र बारासंग जोडिएको नेपाल- भारत सीमानाकास्थित भारत बिहार मोतिहारी जिल्लाको घोडासहनमा शनिबार राति एसएसबी र प्रहरीले संयुक्त रूपमा गरेको कारबाहीमा पाँच जना विदेशी नागरिकलाई नियन्त्रणमा लिइएको छ।

पक्राउ पर्नेमा चार जना सूडानी र एक जना बोलिभियाली नागरिक रहेका छन्। उनीहरूको साथबाट उर्दूमा लेखिएका नोट, केही पुस्तक तथा कागजातहरू बरामद भएको प्रहरीले जनाएको छ। घटनाबारे मोतिहारी प्रहरीले मुख्यालयलाई पनि जानकारी गराइसकेको छ भने अनुसन्धान तीव्र रूपमा अघि बढाइएको छ।

प्रहरी स्रोतका अनुसार शनिबार राति करिब ९ बजे ७१औं बटालियन एसएसबीका अधिकृतलाई सूचना प्राप्त भएपछि कारबाही शुरु गरिएको छ। सूचना अनुसार पाँच जना विदेशी नागरिक अगर्वा गाउँबाट निस्केका थिए। तीमध्ये चार जना स्कर्पियोमा सवार थिए भने एक जना मोटरसाइकलमा बसपार्क पुगेका थिए। उनीहरूले जय माता दी नामक बसबाट पटना जाने टिकट पहिले नै अन्य व्यक्तिमार्फत काटिसकेका थिए। तर, घटनाको जानकारी एसएसपीसम्म पुगेसँगै तुरुन्तै एसएसबी सहायक कमाण्डेन्ट बिश्वजित तिवारीले मोतिहारीका एसपी सुवर्ण प्रभात लाई खबर गरेका थिए। लगत्तै एसपी प्रभातले घोडासहन प्रहरीलाई निर्देशन दिँदै छापा मार्न पठाएका थिए।



प्रहरी टोलीले बसपार्कमा छापा मार्दा चार जना विदेशीलाई नियन्त्रणमा लिएको छ। केही बेरमै एसएसबीको टोली पनि त्यहाँ पुगेको थियो। पाँचौं व्यक्ति भने केही समयपछि आफैं घोडासहन प्रहरी चौकीमा उपस्थित भएको बताइएको छ। यी सबै व्यक्ति बस चढ्न बसपार्क नजिकै अँध्यारोमा पर्खिरहेको अवस्थामा पक्राउ परेका थिए। एसएसबी अधिकारीहरूका अनुसार उनीहरू नेपाल सीमा पार गरी भारत प्रवेश गरेका हुन्। छापामारीका क्रममा आपत्तिजनक सामग्री समेत बरामद गरिएको समाचार छ।

प्रारम्भिक अनुसन्धानमा सूडानी नागरिकहरूले आफूहरू हैदराबादमा पढाइ गर्ने विद्यार्थी भएको दाबी गरेका छन्। उनीहरूको उमेर ३० देखि ४० वर्षबीच रहेको बताइएको छ। तर, नेपाल हुँदै भारत प्रवेश गर्ने विषयमा भने स्पष्ट जवाफ दिन नसकेको प्रहरीको भनाइ छ। घटनाको गम्भीरतालाई ध्यानमा राख्दै प्रहरी प्रशासनले इंटेलिजेन्स ब्युरोलाई समेत जानकारी गराएको छ।

पक्राउ परेकाहरूमा अब्दुल फितह (४४ वर्ष) - सूडान, रमा सिद्दीकी (३८ वर्ष) - सूडान, अली अब्दुल गफ्फार (२७ वर्ष) - सूडान, अहमद डफआला (३७ वर्ष) - सूडान, मिगुएल सोलानो चावेज (३२ वर्ष) - बोलिभिया रहेका छन्।

मोतीहारी जिल्ला प्रहरी प्रमुख एसपी सुवर्ण प्रभातले पाँचैजना घोडासहन थानाको नियन्त्रणमा रहेको तथा थप अनुसन्धान भइरहेको जानकारी दिए।

**आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।**

- नेपालका हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं पर्यटकीय स्थलहरुको भ्रमण गरौं,
- जात्रा, नाचगान, भेषभूषा, साहित्य, कला लगायत नेपाली संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरौं,
- पर्यावरणमैत्री पर्यटनको विकास गर्दै जैविक विविधता संरक्षण गरौं,
- ग्रामीण पर्यटनका आधारको रुपमा रहेका होमस्टे, रैथाने खाना एवं साँस्कृतिक केन्द्रको विकास गरौं,
- पर्यटकको सेवा , सुरक्षा र सद्भावमा ध्यान दिऔं,
- स्वदेशी पयटकलाई प्रोत्साहन गरौं,
- आन्तरिक पर्यटनमाथि रोजगारी सिर्जना गरौं।

पर्यटक हाम्रा पाहुँना सहयोग र सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# दुई विदेशी महिला पक्राउ




टुडे समाचारदाता

राजविराज। सप्तरीबाट दुई जना विदेशी महिलालाई प्रहरीले पक्राउ गरेको छ।

सप्तरीको बलान बिहुल गाउँपालिका-४ स्थित बेल्हीमा रहेको चन्ही-बेल्ही सडकखण्डबाट प्रहरीले ती विदेशी महिलालाई नियन्त्रणमा लिएको जनाइएको छ।

पक्राउ परेकामध्ये उज्जवेकिस्तान की ३९ वर्षीया फेरुजा याख्शिमुरातोवा र ३९ वर्षीया शोखिस्ता अकबारोवा रहेको सप्तरी प्रहरीका सूचना अधिकारीसमेत रहेका प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जनाए।

उनीहरुलाई प्रहरी चौकी बेल्हीका प्रहरी सहायक निरीक्षकको कमाण्डमा खटिएको गस्ती टोलीले शंकाको आधारमा चेक जाँच गर्ने क्रममा नेपालतर्फबाट भारततर्फ जाँदै गरेको अवस्थामा पक्राउ गरिएको थियो।

उनीहरुलाई भारतीय मोटरसाइकलसहित नियन्त्रणमा लिइ आवश्यक अनुसन्धानका अघि बढाइएको उनले बताए।

# लागूऔषध ब्राउन सुगरसहित एकजना पक्राउ

टुडे समाचारदाता

जलेश्वर । महोत्तरी प्रहरीले बर्दीबास नगरपालिका वडा नम्बर ३ को गौरीडाँडास्थित बीपी राजमार्गमा सवारी चेकजाँच गर्दा ९७ ग्राम बढी ब्राउन सुगरसहित एकजनालाई नियन्त्रणमा लिएको छ।

लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबास र इलाका प्रहरी कार्यालय बर्दिबासको संयुक्त टोलीले गाईघाटबाट काठमाडौंतर्फ जाँदै गरेको बा ५ ख १८९८ नम्बरको हायसलाई आइतबार बिहान चेकजाँच गर्दा उक्त परिमाणको लागुऔषध बरामद गरिएको छ।



महोत्तरी प्रहरीले चालक नजिकैको सीटमा बसेका सिराहा मिर्चैया नगरपालिका-६ का २४ वर्षीय रोहित महतोको साथबाट लागूऔषध फेला पारेको जनाएको छ । लागूऔषध नियन्त्रण ब्युरो बर्दिबासका प्रमुख सरोज अधिकारीका अनुसार महतोको साथमा रहेको खैरो रङको हाफ कट्ठु तलासी लिँदा सेतो प्लास्टिकमा प्याक गरेर लुकाइछिपाइ राखिएको अवस्थामा उक्त लागूऔषध भेटिएको छ।

बरामद गरिएको लागूऔषध ब्राउन सुगरलाई डिजिटल तराजुमा तौल गर्दा प्लास्टिकसहित १०२ ग्राम २५० मिलिग्राम र शुद्ध तौल ९७ ग्राम १६० मिलिग्राम रहेको अधिकारीले बताए।

ब्युरोले पक्राउ परेका महतोसहित बरामद ब्राउन सुगरलाई आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय बर्दिबासमा बुझाइएको उनले बताए।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८